सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१८ कात्तिक २०८०, शनिबार (4 Nov 2023, Saturday) ■ नेपाल संवत् ११४३ ■ वर्ष १७ ■ अंक १९८ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

क्रिकेटमा दशकपछि फर्किएको खुसी

सन् २०२४ को टी-२० विश्वकपमा स्थान पक्का बनाउँदा शुक्रबार घरेलु मैदानमा नेपाली खेलाडीले युएईविरुद्ध सानदार प्रदर्शन गरे, अव्यवस्थित मूलपानी क्रिकेट मैदानमा उपस्थित हजारौँ दर्शकले अपार समर्थन जनाए



युएईलाई हराउँदै विश्वकपमा स्थान पक्का गरेपछि नेपाली टोली



मूलपानी क्रिकेट मैदानमा उपस्थित भएर घरेलु टोलीलाई समर्थन गरिरहेका दर्शक

रमेश सुवेदी/नयाँ पत्रिका
तस्बिर : **ज्ञानेन्द्र कार्की, दिपेन्द्र ढुंगाना**

नेपाल आइसिसी टी-२० विश्वकपमा छनोट भएको छ। मूलपानीको माथिल्लो क्रिकेट मैदानमा शुक्रबार भएको छनोट चरणको सेमिफाइनलमा चिरपरिचित प्रतिद्वन्द्वी युएईलाई आठ विकेटले हराउँदै नेपालले आगामी वर्ष अमेरिका र वेस्ट इन्डिजले संयुक्त रूपमा आयोजना गर्ने विश्वकपमा स्थान पक्का गरेको हो।

नेपाल सन् २०१४ मा पहिलोपटक टी-२० विश्वकपमा छनोट भएको थियो। दोस्रोपटक विश्वकपमा स्थान सुरक्षित गर्न एक दशक लाग्यो। विश्वकपमा छनोट भएपछि नेपाली

» पृष्ठ २ मा क्रमशः

आगामी सात महिना निकै महत्त्वपूर्ण छ



● **चतुरबहादुर चन्द**, अध्यक्ष, नेपाल क्रिकेट संघ

आगामी सात महिनामा हामी विश्वकप खेल्दै छौं। छनोट भएपछि अवसरसँगै च्यालेन्ज थपिएको छ। अब, सहभागिता मात्रै हाम्रो उद्देश्य रहँदैन, हामी खेल पनि जितेर्छौं। दोस्रो चरण जाने प्रयास गर्नेछौं। त्यो वातावरण बनाउने काम सरकार र क्यानको हो। हामी चाँडै यसका लागि कुनै योजना तयार गर्छौं। ठूलो देशसँग कसरी खेल्ने, क्लोज क्याम्प, विशेष प्रशिक्षण, खेलाडीलाई व्यक्तिगत तयारी कसरी गराउन सकिन्छ त्यसतर्फ ध्यान दिन्छौं। टोलीको कमजोरीलाई सुधार गर्दै जान्छौं। यो सात महिना निकै महत्त्वपूर्ण छ। दश वर्षपछि यो सफलता पाएका छौं। यसमा सुधार गर्दै अघि बढ्न क्यानले कुनै कमी राख्दैन।

अब तयारीका लागि राम्रो वातावरण हुनुपर्छ



● **रोहितकुमार पौडेल**, कप्तान

एकदमै खुसी लागेको छ। हामी भाग्यमानी छौं। दुई खेलाडी (सोमपाल कामी र विनोद भण्डारी)बाहेक सबैले त्यही विश्वकप (सन् २०१४को) हेरेर क्रिकेट खेल्न सुरु गरेका थियौं। त्यसपछि काठमाडौं आएर अभ्यास गर्‍यौं। टिममा पर्‍यौं। अहिले विश्वकप खेल्ने भएका छौं। आफूलाई भाग्यमानी मान्छौं। हामीले अहिलेसम्म पुरानो पुरस्कार पाएका छैनौं। तर, विश्वकपका लागि राम्रो तयारी पाउने विश्वास छ।

■ आगामी विश्वकपमा संसारका उत्कृष्ट १९ टिमसँगको प्रतिस्पर्धामा नेपाल

आइसिसीले टी-२० फर्म्याटमा सञ्चालन हुने विश्वकपलाई रोमाञ्चक र प्रतिस्पर्धात्मक बनाउन अर्को वर्ष अमेरिका र वेस्ट इन्डिजमा हुने प्रतियोगितामा उत्कृष्ट २० टोली सहभागी गराउँदै छ। विश्वकप इतिहासमै पहिलोपटक उत्तर अमेरिका क्षेत्रले आयोजना गर्न लागेको हो। सन् २०२१ विश्वकपको शीर्ष वरीयतामा रहेका आठ टोलीले विश्वकपमा सीधै स्थान बनाएका छन्, जसमा अस्ट्रेलिया, इंग्ल्यान्ड, भारत, नेदरल्यान्ड्स, न्युजिल्यान्ड, पाकिस्तान, दक्षिण अफ्रिका र श्रीलंका रहेका छन्। त्यस्तै, अफगानिस्तान र बंगलादेश पनि आइसिसी विश्व वरीयताका आधारमा छनोट भएका छन्। अमेरिका र वेस्ट इन्डिज आयोजक राष्ट्र हुन् भने बाँकी आठ राष्ट्र क्षेत्रीय छनोट चरण पार गर्दै विश्कपमा पुगेका हुन्। जसमा एसियाबाट नेपाल र ओमान, इस्ट एसिया प्यासेफिकबाट पपुवा न्युगिनी, उत्तरी अमेरिकाबाट क्यानडा र युरोपबाट आयरल्यान्ड र स्कटल्यान्ड छनोट भइसकेका छन्। अफ्रिकाबाट सहभागी हुने दुई टिमको टुंगो लाग्न बाँकी छ।

● **२०२१ को विश्वकप वरीयताबाट छनोट ८ राष्ट्र** : अस्ट्रेलिया, इंग्ल्यान्ड, भारत, नेदरल्यान्ड्स, न्युजिल्यान्ड, पाकिस्तान, दक्षिण अफ्रिका र श्रीलंका

● **आयोजक राष्ट्र** : अमेरिका र वेस्ट इन्डिज

● **आइसिसी विश्व वरीयताबाट** : अफगानिस्तान र बंगलादेश

क्षेत्रीय छनोटबाट ८ टिम

एसिया: नेपाल र ओमान

● **इस्ट एसिया प्यासेफिक** : पपुवा न्युगिनी

● **उत्तरी अमेरिका:** क्यानडा

● **युरोप:** आयरल्यान्ड र स्कटल्यान्ड

अफ्रिका : २ टिम (टुंगो लाग्न बाँकी)

■ नेपालले खेलेका ६९ अन्तर्राष्ट्रिय टी-२० खेलमध्ये ४२ मा जित

नेपालले पहिलो अन्तर्राष्ट्रिय टी-२० खेल सन् २०१४ मा हङकङसँग खेलेको थियो। संयोग, टी-२० विश्वकपको पहिलो खेल पनि नेपालले हङकङसँगै खेल्यो, जसमा हङकङलाई ८० रनले हरायो। अहिलेसम्म नेपालले ६९ अन्तर्राष्ट्रिय टी-२० खेल खेलेको छ। जसमध्ये ४२ मा जित निकालेको छ। २६ खेलमा पराजित हुँदा एक खेलमा नतिजा आएन। टी-२० मान्यता पाएपछि नेपालले शक्तिराष्ट्र भारतसँग पहिलोपटक १९औँ एसियन खेलकुद प्रतियोगितामा प्रतिस्पर्धा गर्ने अवसर पायो। जसमा नेपाललाई भारतले २३ रनले हराएको थियो। सन् २०२२ मा टेस्ट राष्ट्र आयरल्यान्डसँगको प्रतिस्पर्धामा नेपाल १६ रनले पराजित भएको थियो।

झन् नयाँ

प्राचीन
लयमा फर्किँदै
जनकपुरधाम



जनकपुरधाम आफ्नो
प्राचीन लय पहिल्याउँदै बिस्तारै
विकासको पथमा लम्किँदै छ

■ पहिलो त्रैमासमा
वाणिज्य बैंकको अवस्था

खराब कर्जा बढ्दा नाफामा गिरावट

फेरि बढ्यो बैंकहरूको खराब कर्जा अनुपात, वाणिज्य बैंकको नाफामा १८.६० प्रतिशतको ह्रास, सरकारी स्वामित्वको कृषि विकास घाटामा

(विस्तृत पृष्ठ ७ मा)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

सुन तस्करीका नाइके दावा छिरिङको नागरिकता रद्द

काभ्रे प्रहरीद्वारा अनुसन्धान सुरु

छिरिङसँगै पक्राउ परेका अन्य तीन चिनियाँ नागरिकसँग पनि भेटियो, ती पनि रद्द गर्ने प्रक्रिया अघि बढेको गृह मन्त्रालयको भनाइ



नयाँ पत्रिका

सवारीसाधनका पार्टपुर्जामा लुकाएर नेपालमा सुन तस्करी गर्ने चिनियाँ मूलका बेल्जियम नागरिक दावा छिरिङको नेपाली नागरिकता रद्द गरिएको छ। गृह मन्त्रालयको प्रस्तावमा बिहीबारको मन्त्रिपरिषद् बैठकले छिरिङको नागरिकता रद्द गरेको हो।

उनले झुटा विवरण पेस गरी निमा तामाङको नाममा काभ्रेबाट नेपाली नागरिकता लिएका थिए। उनले २० पुस ०७४ मा काभ्रेको नमोबुद्ध नगरपालिका ठेगाना राखेर निमा लामाको नाममा नेपाली नागरिकता बनाएका थिए। तिब्बती मूलका उनीसँग पछिल्लो समय बेल्जियमको नागरिकता र पासपोर्ट छ। छानबिनमा उनले झुटा विवरण पेस गरी नागरिकता लिएको पुष्टि भएकाले रद्द गरिएको गृह मन्त्रालयका प्रवक्ता नारायणप्रसाद भट्टराईले बताए।

नेपाली महिलासँग बिहे गरी छिरिङ लामो समयदेखि नेपालमा बस्दै आएका छन्। ठमेलमा उनको होटेल छ। व्यवसायको आवरणमा उनले सुन तस्करी, हुन्डीलगायत आपराधिक गतिविधि गर्दै आएको प्रहरी अनुसन्धानले देखाएको छ। सुन तस्करी मुद्दामा हाल उनी पुर्पक्षका लागि थुनामा छन्।

छिरिङसँगै पक्राउ परेका अन्य तीन चिनियाँ नागरिकको पनि नेपाली नागरिकता भेटिएको छ। ती नागरिकता पनि रद्द गर्ने प्रक्रिया अघि बढेको गृह मन्त्रालयले जनाएको छ।

सुन तस्करी मुद्दाको अनुसन्धान पूरा भएपछि नागरिकताको विषयमा पनि छानबिन सुरु भएको छ। यस विषयमा छानबिनका लागि जिल्ला प्रहरी कार्यालय काभ्रेलाई पत्राचार गरिएको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)का प्रवक्ता नवराज अधिकारीले बताए।

» पृष्ठ २ मा क्रमशः

स्वास्थ्य बिमा बोर्ड रित्तै

कार्यकारी निर्देशक निलम्बनमा, अध्यक्षसहित सिंगो सञ्चालक समितिकै राजीनामा

मुना कुँवर/नयाँ पत्रिका

सरकारले नै सञ्चालन गरेको स्वास्थ्य बिमा बोर्ड सञ्चालक समितिविहीन बनेको छ। बोर्ड सञ्चालक समितिका नेतृत्वदेखि सदस्यसम्म सबैले राजीनामा दिएका छन् भने कार्यकारी निर्देशकलाई स्वास्थ्य मन्त्रालयले निलम्बन गरेको छ।

बोर्डका अध्यक्ष डा. सेनेन्द्रराज उप्रेतीले गत माघमै राजीनामा दिएका थिए। नौ महिनादेखि खाली भएको अध्यक्ष पद परिपूर्ति गर्नुको साटो स्वास्थ्य मन्त्रालयले गत २९ असोजमा बोर्डका कार्यकारी निर्देशक डा. दामोदर बसौलालाई निलम्बन गरेको छ। डा. बसौलालाई निलम्बन गरेपछि बोर्डका अन्य पाँच सदस्यले सामूहिक राजीनामा दिएका छन्। बोर्डका मनोनीत सदस्यहरू डा. सुरेश तिवारी, डा. तारा साह, चन्द्र थापा, टीका चापागाईं भट्टराई र इन्द्रकला राईले राजीनामा दिएका हुन्। उनीहरूले स्वास्थ्यमन्त्री मोहनबहादुर बस्नेतसमक्ष राजीनामा बुझाएका हुन्।

मन्त्रालयले विगत नौ महिनादेखि बोर्डको अध्यक्ष नियुक्त नगरेको, बिमा कार्यक्रम बिथोल्ने मनसायले कार्यकारी निर्देशकलाई निलम्बन गरेको, आवश्यक जनशक्ति व्यवस्थापन नगरेको भन्दै सदस्यहरूले राजीनामा दिएका हुन्। बोर्डलाई मन्त्रालयले स्वायत्त बन्न नदिएको राजीनामा दिएकामध्येका सदस्य चन्द्रबहादुर थापाले बताए। स्वास्थ्य बिमा कार्यक्रमलाई असफल बनाउने प्रयास गरेको उनको आरोप छ।

स्वास्थ्यमन्त्री बस्नेतले बिमा ऐनविपरीत बोर्डका कार्यकारी निर्देशक डा. दामोदर बसौलालाई तीन महिनाका लागि निलम्बन गर्दै एक साताभित्र स्पष्टीकरण पेस गर्न निर्देशन दिएको पदाधिकारीले बताएका छन्। बोर्डको प्रमुख पद खाली भएपछि मन्त्रालयले गुणस्तर मापन महाशाखा प्रमुख डा. मदन उपाध्यायलाई निमित्त कार्यकारी निर्देशक नियुक्त गरेको छ। यसअघिका प्रमुख कार्यकारीले कार्यकालको एक वर्ष नपुग्दै राजीनामा दिएपछि मन्त्रालयले डा. उपाध्यायलाई नै कार्यकारी तोकेको थियो।

त्यस्तै, पाँच सदस्यले सामूहिक राजीनामा दिएपछि बोर्डमा निमित्त कार्यकारी निर्देशक र अर्थ मन्त्रालयका प्रतिनिधि गरी दुई मात्र सदस्य छन्। तर, अर्थ मन्त्रालयका प्रतिनिधि लगातार तीन बैठकमा उपस्थित छैनन्। ऐनबमोजिम उनको पद पनि रिक्त छ।

स्वास्थ्यमन्त्री मोहनबहादुर बस्नेतले भने कार्यकारी निर्देशक बसौलाको नियतमै समस्या देखिएकाले निलम्बन गरिएको बताए। 'उहाँ स्वीकृति नलिई विदेश गएको, बिमाको रकममा अनियमितता र राम्रो काम भएन भनेर गुनासो आए। कतिपयलाई उहाँले पक्षपात पनि गर्नुभएछ। त्यसैले उहाँ निलम्बनमा पर्नुभएको हो,' उनले भने, 'यसअघि मन्त्रालयका तर्फबाट मैले सोधेको स्पष्टीकरणमा पनि उहाँले चित्तबुझ्दो जवाफ दिनुभएन। अहिले क्याबिनेटले पनि स्पष्टीकरण सोधेको छ। हामीले छिट्टै नयाँ कार्यकारी निर्देशक राख्ने तयारी पनि गरेका छौं। हाम्रो मान्छे राख्न वा प्रतिशोध राखेर उहाँलाई निकालिएको हुँदै होइन। उहाँमाथि पूर्ण छानबिन नसकिँदासम्म र नयाँ नियुक्ति नहुँदासम्म यसअघि बोर्ड सदस्य भएर काम गर्नुभएका डा. मदन उपाध्यायलाई

» पृष्ठ २ मा क्रमशः



■ स्थापना अघिदेखि नै विवादित थियो स्वास्थ्य बिमा बोर्ड

बोर्ड स्थापनाअघि नै विवादित थियो। बिमा ऐन, २०४९ अनुसार नेपाल बिमा प्राधिकरणबाट अनुमति लिइएको कम्पनी वा संस्थाले मात्रै बिमा नामको प्रयोग गरी बिमा गर्न पाउने व्यवस्था छ। तर, सरकारले सामाजिक सुरक्षाअन्तर्गत यस्ता खालका कार्यक्रम सञ्चालन गर्न सक्ने भन्दै कार्यक्रमको सुरुवात गरेको थियो भने अनुमति लिएको निजी कम्पनीबाहेक अन्यले बिमा गर्न नपाउने प्राधिकरणको व्याख्या थियो। विवादबीच बोर्ड स्थापना गरियो। सरकारले बर्सेनि स्वास्थ्य बिमा बोर्डका लागि बजेट विनियोजन गर्दै आएको छ।



स्वास्थ्यमन्त्री मोहनबहादुर बस्नेत भन्छन्- कार्यकारी निर्देशकको नियतमै समस्या देखिएर निलम्बन गरिएको हो

बोर्डका कार्यकारी निर्देशक डा. दामोदर बसौलाको नियतमा समस्या देखिएकाले निलम्बनमा पर्नुभएको हो। यसबारेमा पूर्ण छानबिन नसकिँदासम्म र नयाँ नियुक्ति नहुँदासम्म यसअघि बोर्ड सदस्य भएर काम गर्नुभएका डा. मदन उपाध्यायलाई कार्यवाहक अधिकार तोकेका छौं। त्यसैले पनि नियमित काममा समस्या छैन। बसौलासँग क्याबिनेटले स्पष्टीकरण सोधेको छ। मैले सोधेको स्पष्टीकरणमा पनि चित्तबुझ्दो जवाफ दिनुभएन। उहाँ स्वीकृति नलिई विदेश गएको, बिमाको रकममा अनियमितता र राम्रो काम भएन भनेर गुनासो आए। कतिपयलाई उहाँले पक्षपात पनि गर्नुभएछ। त्यसैले उहाँ निलम्बनमा पर्नुभएको हो। उहाँ नहुँदा कार्यालयको काममा र बिमासम्बन्धी काममा समस्या छैन। हामीले छिट्टै नयाँ कार्यकारी निर्देशक राख्ने तयारी पनि गरेका छौं। हाम्रो मान्छे राख्न वा प्रतिशोध राखेर उहाँलाई निकालिएको हुँदै होइन।

बजेट नल्याउँदा सिराहाको विष्णुपुर गाउँपालिकामा कर्मचारीको तलब रोकियो

स्वास्थ्य संस्थामा औषधि अभाव, विद्यार्थीको दिवा खाजा ठप्प

सिराहामा **सुरेन्द्रकुमार कामती**

चालू आर्थिक वर्ष ०८०/८१ को साढे तीन महिना बित्दा पनि बजेट नल्याउँदा सिराहाको विष्णुपुर गाउँपालिकामा कर्मचारीको तलब रोकिएको छ। असारमा गाउँ सभामार्फत बजेट ल्याउनुपर्ने भए विष्णुपुरले अझै सभा गरेको छैन। कार्यसमितिबाट निर्णय गराएर खर्च गर्ने बाटो पनि नखोल्दा समस्या भएको हो।

विष्णुपुरका कर्मचारीको तलबभत्ता तीन महिनादेखि रोकिएको छ। स्वास्थ्य संस्थामा औषधि अभाव भएको छ। बजेट निकासा नहुँदा १४ सामुदायिक विद्यालयका बालबालिकाको दिवा खाजा कार्यक्रम रोकिएको विष्णुपुर गाउँपालिकाका शिक्षा संयोजक दीपकुमार यादवले बताए।

गर्भवती र सुत्केरीलाई निःशुल्क दिँदै आएको क्याल्सियम, आइरन चक्कीलगायत अत्यावश्यक औषधि अभाव भएको स्वास्थ्य शाखा प्रमुख रामसेवक रायले बताए। औषधि खरिद गर्न चालू आवमा १६ लाख बजेट भए पनि पालिकाले खरिद प्रक्रिया सुरु गर्नसकेको छैन।



धर्नामा बसेका विष्णुपुर गाउँपालिकाका कर्मचारी

बालबालिका, ज्येष्ठ नागरिक, एकल महिला, अपांगता भएका व्यक्तिलाई दिँदै आएको सामाजिक सुरक्षा भत्ता पनि वितरण हुन सकेको छैन। विष्णुपुर गाउँपालिकाले एक करोडभन्दा बढी सामाजिक सुरक्षाअन्तर्गत रकम वितरण गर्दै आएको छ। चालू आवमा चार हजार एकजनालाई वितरण गर्नुपर्ने सामाजिक सुरक्षाको रकम गाउँ सभा हुन नसक्दा निकासा नै रोकिन पुगेको

» पृष्ठ २ मा क्रमशः

■ बजेट नल्याउने तीन पालिकाले पाएनन् अनुदान

सिराहाका १७ पालिकाध्ये तीनले तोकिएको समय घर्किएको साढे तीन महिना बित्दा पनि चालू आव ०८०/८१ को बजेट ल्याउन सकेका छैनन्। असारमा गाउँ/नगर सभामार्फत बजेट ल्याउनुपर्ने भए बरियारपट्टी, विष्णुपुर र सखुवानन्कारकट्टी गाउँपालिकाले अझै सभा गरेका छैनन्। जसकारण यी पालिकाले संघ र प्रदेशबाट प्राप्त हुने अनुदान रकम पनि पाउन सकेका छैनन्। संघ र प्रदेश सरकारबाट प्राप्त हुने सर्सत, विशेष, समानीकरण र समपूरक अनुदानको किस्ताका लागि पालिकाले बजेटको रातोकिताबसहित माग गर्नुपर्छ। तर, बजेट नै नल्याएकाले यी पालिकाले अनुदान प्राप्तिको प्रक्रिया अगाडि बढाउन नसकेका हुन्। कोष तथा लेखानियन्त्रक कार्यालय सिराहाका प्रमुख ध्यानकुमार राईले तीनवटै पालिकाले रेडबुकसहित रकम माग गर्न नआएकाले निकासा दिन नसकिएको बताए।

कोशी सरकारमा गठबन्धनको प्रवेश, एमाले बाहिरिने

तर, सरकारलाई दिएको समर्थनबारे तत्कालका लागि मौन

झापामा **चिरञ्जीवी घिमिरे**
विराटनगरमा **गणेश लम्साल**

एमालेको समर्थनमा कोशी प्रदेशको मुख्यमन्त्री बनेका कांग्रेस नेता केदार कार्कीले सरकारमा केन्द्रको सत्तागठबन्धनलाई प्रवेश गराएका छन् ।

कोशी प्रदेश सभामा रहेकामध्ये राप्रपाबाहेक सबै दलका सांसदको विश्वासको मत पाएका मुख्यमन्त्री कार्कीले शुक्रबार माओवादीबाट गणेश उप्रेती र एकीकृत समाजवादीबाट कमलप्रसाद जबेगुलाई मन्त्री बनाएका हुन् । उनीहरूलाई शुक्रबार साँझ नै प्रदेश प्रमुख परशुराम खापुङ्ले पद तथा गोपनीयताको शपथग्रहण गराए ।

तर, आफूहरूसँगको गठबन्धन तोडेर केन्द्रको सत्तागठबन्धनसँग सहकार्य गरेको भन्दै एमालेले सरकारबाट बाहिरिने चेतावनी दिएको छ । पूर्वमुख्यमन्त्रीसमेत रहेका एमाले संसदीय दलका नेता हिक्मतकुमार कार्कीले भने, 'हामीले गठबन्धनको सरकार नबनाउनुस् भनेका थियौं । तर, मुख्यमन्त्रीजीले माओवादी र एसलाई प्रवेश गराउनुभयो, अब हामी सरकारबाट बाहिरिन्छौं ।' एमालेबाट मन्त्री बनेका रामबहादुर रानाले राजीनामा दिने उनले बताए । तर, सरकारलाई दिएको समर्थनबारे भने एमाले बोलेको छैन । कोशी प्रदेश सरकारलाई दिएको समर्थनबारे सोमबार बस्ने संसदीय दलको बैठकले निर्णय गर्ने एमाले कोशी संसदीय दलका प्रमुख सचेतक रेवतीरमण भण्डारीले जानकारी दिए ।

संविधानको धारा १६८ को उपधारा ५ बमोजिम एमाले सांसदको समर्थनसहित २७ असोजमा मुख्यमन्त्री नियुक्त भएका कार्कीले कांग्रेसका शमशेर राई र एमालेबाट रामबहादुर रानालाई मन्त्री बनाएका थिए । तर, उनीहरू विनाविभागीय नै छन् । अहिले माओवादी र एकीकृत समाजवादीको प्रवेश भएको हो ।

यसअघि गठबन्धनले माओवादीका इन्द्रबहादुर आइबोलाई मुख्यमन्त्री बनाउने निर्णय गरेपछि कांग्रेसको डा. शेखर कोइराला समूहले विद्रोह गर्दै एमालेसँग मिलेर कार्कीलाई मुख्यमन्त्री बनाएको थियो । तर, गठबन्धनका कांग्रेस, माओवादी, एकीकृत समाजवादी र जसपाले पनि विश्वासको मत दिएपछि गठबन्धनलाई निरन्तरता दिने बाटो खुलेको थियो । यद्यपि, एमालेले भने माओवादी र एकीकृत समाजवादीलाई सरकारमा भित्र्याउन नमिल्ने अडान लिएको थियो ।

तर, कोशी सरकारले भने एमाले संसदीय दलका नेता कार्कीले संसद्मा प्रस्ताव गरेको सहमतीय सरकारको एजेन्डाबमोजिम माओवादी र एकीकृत समाजवादीलाई सरकारमा भित्र्याएको जनाएको छ । 'एमालेसँग पनि छलफल भएको छ । मुख्यमन्त्रीज्यूले एमालेलाई पनि सरकारको उच्च प्राथमिकतामा राखेर अहिलेको



शुक्रबार साँझ नवनियुक्त मन्त्रीद्वयलाई सपथग्रहण गराउँदै प्रदेश प्रमुख परशुराम खापुङ

आवश्यकताबमोजिम सबै दलका साथीहरूलाई सरकारमा लगिएको हो,' कांग्रेस नेता एवं कोशी प्रदेशका मन्त्री शमशेर राईले भने, 'सहमतीय सरकारका लागि मुख्यमन्त्रीले हदैसम्मको जोड गर्नुभएको छ ।'

माओवादी संसदीय दलका नेता इन्द्रबहादुर आइबोले एमाले अब प्रतिपक्षीको भूमिकामा बस्नुपर्ने बताए । 'एमालेलाई पहिल्यै सरकारबाट बाहिरिएर प्रतिपक्षमा बस्न उपयुक्त हुन्छ भनेर मैले भनेको थिएँ । एमालेले जस्तो कर्म गऱ्यो उस्तै प्रतिफल पायौं । राजनीतिक दलकै मान्छेलाई अराजनीतिक ढंगले समर्थन गरेर मुख्यमन्त्री बनाएपछि राजनीतिक दलको मान्छे आफ्नो आस्था र दलमा त फर्किहाल्छ नि !' आइबोले नयाँ पत्रिकासँग भने, 'केटाकेटी खेल एमालेले खेल्यो । अब प्रतिपक्षमा जान्छ ।'

कोशी सरकार कति संकटमा ?

संसदीय अंकगणित हेर्दा प्रदेश सरकार संकटमा देखिएको छ । संविधानको धारा १६८ का पाँचवटै उपधारा प्रयोग भइसकेको अवस्थामा एमाले सरकारबाट बाहिरिँदा प्रदेश सरकार संकटमा पर्ने निश्चित छ । यद्यपि, एमालेले सरकारलाई दिएको विश्वासको मत फिर्ताको विषयमा भने कुनै पनि निर्णय गरेको छैन । यसकारण प्रदेश सरकारको संकट टार्न एमाले निर्णायक बन्न सक्छ । तर, एमालेले भने कोशी प्रदेश सरकार संकटमा पर्ने संकेत गरेको छ । मुख्यमन्त्री केदार कार्कीले प्रदेशमा संकट ल्याउन चाहेको एमाले कोशी संसदीय दलका नेता हिक्मतकुमार कार्कीले आरोप लगाए । 'हामीले सहज बनाउन खोजेका थियौं । उहाँहरूले हामीलाई बाहिर राखेपछि त अप्ठ्यारो भएन र ?' कार्कीले नयाँ पत्रिकासँग भने ।

९३ सदस्यीय प्रदेश सभामा एमालेका ४० सांसद (एक उपसभामुखसहित) छन् । कांग्रेस, माओवादी, नेकपा एकीकृत समाजवादी र जसपाको ४७ मत छ । राप्रपाका ६ जना सांसद छन् । राप्रापाले यसअघि नै सरकारमा सहभागी नहुने निर्णय गर्दै मुख्यमन्त्री कार्कीलाई विश्वासको मत दिएको थिएन । यद्यपि, एमालेले विश्वासको मत फिर्ता लिएमा मुख्यमन्त्री कार्कीले पुनः विश्वासको मत लिनुपर्छ । विगतमा मुख्यमन्त्री उद्धव थापाले विश्वासको मत लिँदा एमालेले उपसभामुख र उसका ज्येष्ठ सांसदलाई प्रदेश सभा बैठकमा अनुपस्थित गराएको थियो । त्यतिखेर कांग्रेसका ज्येष्ठ सदस्यले सभाध्यक्ष गरेर मुख्यमन्त्रीलाई विश्वासको मत दिँदा सर्वोच्च अदालतले अवैधानिक ठहर गरिदिएको थियो । अब पनि एमालेले सोही रणनीति अपनाए कार्की नेतृत्वको सरकार अप्ठ्यारोमा पर्नेछ । 'सरकारमा रहेको दलले विश्वासको मत फिर्ता लिँदा संविधानतः सरकारले फेरि विश्वासको मत लिनुपर्छ,' संविधानविद् विपिन अधिकारीले भने, 'सभामुख/सभाध्यक्षले मत हाल्न पाइँदैन भनेर सर्वोच्च अदालतले व्याख्या गरिसकेको छ ।'

यद्यपि, माओवादी संसदीय दलका नेता इन्द्रबहादुर आइबोले कोशी प्रदेश संकटमा नरहेको र मध्यावधिमा नजाने दाबी गरे । 'यो सरकार संविधानको धारा १६८ को उपधारा ५ बमोजिम बनेको सरकार हो । यसले पाएको विश्वासको मत फिर्ता हुँदैन,' उनले दाबी गरे, 'मुख्यमन्त्रीले स्वेच्छिक राजीनामा दिने र निर्वाचन घोषणा गर्ने विकल्पबाहेक मुख्यमन्त्री कुनै हालतमा हट्दैनन् । यो संवैधानिक व्यवस्था हो । राजनीतिक सहमतिका आधारमा आलोपालो मुख्यमन्त्री हुने सम्भावना रहन्छ । तर, कोशीमा मध्यावधि हुँदैन ।'

बजेट नल्याउँदा...

पृष्ठ १ बाट क्रमशः

गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत शैलेश यादवले बताए ।

धर्नामा कर्मचारी, सेवामा फर्कन अध्यक्षको आग्रह

प्रशासन, शिक्षा, स्वास्थ्यलगायत क्षेत्रका कर्मचारीले गाउँपालिकाले चाडपर्वका वेला पनि तलब उपलब्ध नपाएको भन्दै बुधबारदेखि धर्ना सुरु गरेका छन् । धर्ना २१ कात्तिकसम्म रहने नगर शिक्षा संयोजक दीपकुमार यादवले बताए । 'गाउँपालिकाले गाउँ सभा गर्न नसक्दा कर्मचारीले तलबभत्ता पाउन सकेका छैनन्,' यादवले भने, 'गाउँ सभा नहुँदा कर्मचारीको तलबभत्ता मात्र नभएर विकास निर्माण नै रोकिन पुगेको छ ।' विष्णुपुर गाउँपालिका अध्यक्ष सत्यनारायण यादवले बिहीबार पत्रकार सम्मेलन गरेर कर्मचारीलाई धर्ना रोकेर काममा फर्किन आह्वान गरे । 'सबैसँग संवादको ढोका खुला छ,' उनले भने, 'सबै जनप्रतिनिधि, कर्मचारी मिलेर गाउँ सभा गरी गाउँपालिकालाई नमुना बनाउनुपर्छ । यसमा सबैले सहयोग गर्नुपर्छ ।'

बजेट बाँडफाँटमा विवाद

विष्णुपुर गाउँपालिका जनप्रतिनिधिबीच बजेट बाँडफाँटमा विवाद हुँदा गाउँ सभा हुन सकेको छैन । गत १० असारमा गाउँ सभाको उद्घाटन सत्र भए पनि बजेट पेस हुन सकेन । वडाध्यक्षहरूले समयमा योजना पेस नगर्दा बजेट ल्याउन नसकेको गाउँपालिका अध्यक्ष सत्यनारायण यादवले बताए । 'प्रत्येक वडालाई ७५/७५ लाख बजेट दिने गरी टुंगिएको थियो,' यादवले भने, 'अहिलेसम्म वडा १ का अध्यक्षले योजना बुझाउनुभएको छैन ।'

दसैँअगावै बजेट ल्याउने प्रयास गर्दा पनि सम्भव नभएको भन्दै अध्यक्ष यादवले गाउँ सभा गराउने प्रयासमा रहेको र चाँडै गाउँ सभा गरी निकास निकाल्ने बताए । विष्णुपुरमा अध्यक्ष यादव एमालेबाट निर्वाचित एक्लो जनप्रतिनिधि हुन् । उपाध्यक्ष गीताकुमारी सिंह र दुई वडाध्यक्ष जसपाका छन् । तीनजना वडाध्यक्ष कांग्रेसका छन् ।

बोक्सी आरोपमा कुटिएकी इतरिया उपचारपछि घर फर्किइन्

महोत्तरी/ बोक्सी आरोपमा कुटपिटबाट घाइते भएकी सिराहाको गौशाला नगरपालिका- ११ लक्ष्मीनियाकी ६६ वर्षीया इतरियादेवी महरा उपचारपछि घर फर्किएकी छिन् । जनकपुरस्थित सहयोगी अस्पतालमा उपचाररत महरा र उनकी जेठी बुहारी सम्तोलियादेवी महरा शुक्रबार साँझ डिस्चार्ज भएका हुन् । बोक्सी आरोपमा छिमेकीको कुटपिटबाट घाइते भएकी इतरियाको बायाँ हात टुटेकोमा प्लास्टर गरिएको छ भने जेठी बुहारी सम्तोलियाको कम्मर मर्केको छ । इतरियाका जेठा छोरा सुरेन्द्रले भने, 'आमा र श्रीमतीलाई घर लिएर आएको छु । सापटी लिएरै उपचार गराउँदै छु । यस्तो अवस्थामा पुऱ्याउनेमाथि कारबाही हुनुपर्छ ।' सुरेन्द्रको टाउकोमा ६ टाँका लगाइएको छ भने परिवारका अन्य सदस्यलाई समेत चोटपटक लागेको छ ।

घटनापछि इतरियाका श्रीमान् राजेन्द्र चमारले सन्तोष यादव, विनोद पासवानसहित चारजनाविरुद्ध प्रहरीमा जाहेरी दिएका छन् । इलाका प्रहरी कार्यालय गौशालाका इन्चार्ज प्रहरी निरीक्षक मनोज यादवले सन्तोष यादव र विनोद पासमान पक्राउ परिसकेको र बाँकी दुईजनाको खोजी भइरहेको बताए ।



क्रिकेटमा दशकपछि...

पृष्ठ १ बाट क्रमशः

खेलाडी भावुक बने, मैदानलाई ढोग्दै खुसियाली मनाए । टस जितेर ब्याटिङ गरेको युएईले नेपाललाई १३५ रनको लक्ष्य दिएको थियो । जवाफी ब्याटिङमा नेपालले दुई विकेट गुमाउँदै १७.१ ओभरमा लक्ष्य पार गऱ्यो । नेपाली खेलाडीले बलिङ, ब्याटिङ र फिल्डिङमा सानदार प्रदर्शन गरे ।

नेपाली खेलाडीले मैदानको चक्कर लगाइरहँदा प्यारापिट र त्यसबाहिर घरको छतमा रहेका हजारौं दर्शकले समर्थनमा ताली र हुटिङ गरिरहे । अब नेपालले आइतबार उपाधिका लागि त्रिवि मैदानमा ओमानको सामना गर्नेछ । शुक्रबार नै भएको अर्को सेमिफाइनलमा बहराइनलाई १० विकेटले हराउँदै ओमान पनि विश्वकपमा छनोट भएको छ ।

अर्को वर्ष हुने विश्वकपमा आइसिसीले सर्वाधिक २० टोलीबीच प्रतिस्पर्धा गराउँदै छ, जसमा ५५ खेल हुनेछन् । सहभागी टोलीलाई पाँच समूहमा राखेर प्रतिस्पर्धा गराइनेछ । आगामी वर्ष ४ देखि ३० जुनसम्म हुने विश्वकपको तालिका र समूह विभाजन भएको छैन ।

विश्वकपमा स्थान पक्का बनाएपछि कप्तान रोहितकुमार पौडेलले सपना पूरा भएको बताए । 'एकदमै खुसी लागेको छ । हामी भाग्यमानी छौं । दुई खेलाडी (सोमपाल कामी र विनोद भण्डारी)बाहेक सबैले त्यही विश्वकप (सन् २०१४को) हेरेर क्रिकेट खेल्न सुरु गरेका थियौं । त्यसपछि काठमाडौं आएर अभ्यास गऱ्यौं । टिममा पऱ्यौं । अहिले विश्वकप खेल्ने भएका छौं,' उनले भने, 'अहिलेसम्म पुरानो पुरस्कार पाएको छैनौं । तर, विश्वकपका लागि उत्कृष्ट तयारी हुनेछ ।'

■ निर्णायक खेलमा आसिफको अर्धशतक

नेपालको जितमा ओपनर आसिफ शेखले अर्धशतकीय इनिङ्स खेले । आसिफले ५१ बलमा सात चौका र एक छक्कासहित ६४ रन बनाए । त्यसक्रममा उनले ३९ बलको सामना गर्दै ६ चौका र एक छक्कासहित ५० रन बनाए । २२ वर्षीय आसिफको करिअरको यो चौथो अर्धशतक हो । यसअघि नेदरल्यान्ड्स, मलेसिया र युएईविरुद्ध ५० रन बनाएका थिए । पछिल्लोपटक मूलपानीमै युएईविरुद्ध ६२ रन बनाएका थिए । आसिफले पहिलो दुई अर्धशतक कीर्तिपुर मैदानमा बनाएका थिए ।

■ कुशल, गुल्सन र रोहितको सानदार ब्याटिङ

नेपालको जितमा ओपनरद्वय आसिफ र कुशल भुर्तेलसँगै गुल्सन झा र रोहितले सानदार ब्याटिङ गरे । कप्तान रोहितले २० बलमा दुई चौका र दुई छक्कासहित अविजित ३४ रन बनाए । नेपालले पहिलो विकेटका रूपमा आठ बलमा ११ रन बनाएका ओपनर भुर्तेललाई गुमायो । दुई चौका प्रहार गरेका उनलाई निलान्स केस्वानीले कप्तान मुहम्मद वासिमबाट क्याच आउट गराए । दोस्रो विकेटका रूपमा नेपालले २२ रन बनाएका गुल्सनलाई गुमायो । तेस्रो नम्बर क्रिजमा आएका गुल्सनले तीन चौकासहित २४ बलमा २२ रन बनाए । बसिल हमिदले गुल्सनलाई बोल्ड गर्दा नेपालले ९.३ ओभरमा ६७ रन बनाएको थियो । यसपछि क्रिजमा रहेका आसिफ र रोहितले नेपालको जित पक्का गरे ।

'घरेलु समर्थकमाझ खेल्न पाउँछौं भन्ने थाहा पाउँदा नै विश्वास बढेको थियो । विश्वकपमा छनोट हुन्छौं भन्ने विश्वास थियो । स्कुलबाट खेल्न थालेपछि सबैको विश्वकप खेल्ने सपना हुन्छ । त्यो लेभलको क्रिकेट खेल्ने सपना पूरा भएको छ,' आसिफले भने ।

■ सोमपाल र विनोदले खेलेका थिए २०१४ को विश्वकप

२०१४ मा बंगलादेशले आयोजना गरेको विश्वकपमा नेपालसँगै १० टेस्ट राष्ट्र र ६ एसोसिएट्स राष्ट्रले भाग लिएका थिए । जसमा नेपाल बंगलादेशसँग नेट रनरेटमा पछि पर्दा फाइनल चरण खेल्न चुकेको थियो । समूह 'ए'को प्रतिस्पर्धामा नेपालले आफ्नो पहिलो टी-२० विश्वकपमा हङकङलाई ८० र अफगानिस्तानलाई ९ रनले हराएको थियो । बंगलादेशसँग ८ विकेटले पराजित भएको थियो । त्यतिवेला राष्ट्रिय टोलीमा रहेका खेलाडीमध्ये सोमपाल कामी र विनोद भण्डारी मात्र अहिलेको टोलीमा छन् ।

सोमपाल नेपालका नियमित प्रमुख ओपनिङ बलर हुन् । विनोदले यसपटक मौका पाएनन् । यद्यपि, क्यानले घोषणा गरेको टोलीमा भने उनी समावेश छन् । २०१४ को विश्वकप खेलेका टिममा सुभाष खकुरेल, सागर पुन, ज्ञानेन्द्र मल्ल, कप्तान पारस खड्का, शरद भेसवाकर, विनोद, वसन्त रेग्मी, नरेश बुढाऐर, शक्ति गौचन, सोमपाल र जितेन्द्र मुखिया थिए ।

यो खुसी शब्दमा व्यक्त गर्न सकिँदैन : सोमपाल कामी



विश्वकपमा छनोट गर्ने यो जित शब्दमा व्यक्त गर्न सकिँदैन, कुनै शब्द नै छैन । साह्रै खुसी लागिरहेको छ । एक दशकपछि विश्वकप खेल्न पाएका छौं । भाग्यमानी पनि रह्यौं । हिजोदेखि नै भगवान्सँग प्रार्थना गरेको थिएँ । सबैको मिहिनेतले यो उपलब्धि प्राप्त भएको छ । सबैको सपना विश्वकप खेल्ने थियो, पूरा भएको छ । हामी विश्वकप खेल्दैनौं मात्रै, जित्ने प्रयासमा पनि लाग्छौं ।

यसपटक विश्वकपमा स्थान बनाउँदा कप्तान रोहित, सोमपाल र विनोदसँगै कुशल, आसिफ, गुल्सन, करण, विवेक यादव, अभिनाश, कुशल मल्ल, दीपेन्द्रसिंह ऐरी, सन्दीप लामिछाने टोलीमा छन् ।

■ युएईको प्रतिस्पर्धात्मक लक्ष्य

युएईले निर्धारित २० ओभरमा नौ विकेट गुमाउँदै १३४ रन बनायो । तेस्रो नम्बर क्रिजमा आएका भ्रित्या अरविन्दले अर्धशतकीय इनिङ्स खेले । उनले ५१ बलमा आठ चौका र दुई छक्कासहित ६४ रन बनाए । भ्रित्यालाई कुशल मल्लले आउट गराए ।

कप्तान मुहम्मद वासिमले २६, अलिसान सराफुले १६, आसिफ खानले १३ रन बनाए । नेपालका कुशल मल्लले सर्वाधिक तीन विकेट लिए । सन्दीप लामिछानेले दुई विकेट हात पारे । सोमपाल कामी र कप्तान रोहितकुमार पौडेलले समान एक विकेट लिए ।

यसअघि तेस्रो ओभरमा नेपालले युएईका दुई ओपनरको विकेट लिएको थियो । ३.१ ओभरमा सोमपाल कामीले ओपनर खालिद साहलाई रनआउट गराए । ३.४ ओभरमा कप्तान तथा ओपनर मुहम्मद वासिम आउट भए । १६ बलमा २६ रन बनाएर वासिमलाई सोमपालले करण केसीको हातबाट क्याच आउट गराए । तीन चौका र दुई छक्का प्रहार गरेका कप्तान वासिम पनि आउट भएपछि युएई दबाबमा आयो । सन्दीपले पहिलो विकेट लिने क्रममा ९.६ बलमा आसिफ खानलाई एलबिडब्लू धरापमा पारे । १४ बलमा १३ रन बनाएका खानले एक चौका प्रहार गरेका थिए । जुन समय युएई ६२-३ को स्थितिमा रह्यो ।

कुशल मल्लले चौथो विकेटका रूपमा एलिसान सराफुलाई सोमपाल कामीबाट क्याच आउट गराए । पाँचौं विकेटका रूपमा कप्तान रोहितकुमार पौडेलले सात बलमा चार रन बनाएका अली नासिरलाई आउट गरे । युएईले १५.५ ओभरमा सय रन जोड्दा नासिर आउट भए ।

■ ओमान पनि विश्वकपमा छनोट

बहराइनलाई सेमिफाइलनमा हराउँदै नेपालसँगै ओमान पनि विश्वकपमा छनोट भएको छ । ओमान तेस्रोपटक विश्वकपका लागि छनोट भएको हो । ओमानले यसअघि २०१६ र २०२१ मा विश्वकप खेलिसकेको छ । कीर्तिपुरमा बहराइनले दिएको १०७ रनको लक्ष्य ओमानले १४.२ ओभरमा विनाक्षति पूरा गऱ्यो । ओमानका ओपनर कास्यप प्रजापती ४४ बलमा ६ चौका र दुई छक्काको मद्दतले ५७ रनमा अविजित रहे । अर्का ओपनर प्रतीक अथभालेले अविजित ५० रन बनाए । टस जितेर ब्याटिङ रोजेको बहराइनले निर्धारित २० ओभरमा नौ विकेट गुमाउँदै १०६ रन बनायो ।

■ प्रधानमन्त्री प्रचण्डले दिए खेलाडीलाई बधाई

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले टी-२० विश्वकपमा स्थान बनाउन सफल नेपाली टोलीलाई बधाई दिएका छन् । उनले पछिल्लो समय क्रिकेटमा नेपाली टोलीले प्राप्त गरेको सफलता र उचाइप्रति सरकारका तर्फबाट उच्च सम्मान रहेको बताएका हुन् । 'टी-२० विश्वकप प्रतियोगिताका लागि छनोट भएकोमा नेपाली क्रिकेट टोलीलाई हार्दिक बधाई ज्ञापन गर्दछु । पछिल्लो समय क्रिकेटमा नेपाली टोलीले प्राप्त गरेको सफलता र उचाइप्रति नेपाल सरकारका तर्फबाट उच्च सम्मान व्यक्त गर्दछु,' प्रधानमन्त्री प्रचण्डले भने । उनले आगामी यात्राका लागि सफलताको कामनासहित आफू सधैं साथमा रहने प्रतिबद्धता जनाए । 'नेपाली टोलीको आगामी यात्रामा सफलताको कामनासहित सरकार सधैं यहाँहरूको साथमा रहने प्रतिबद्धता व्यक्त गर्दछु,' उनले भने । यसैगरी, पूर्वप्रधानमन्त्री तथा एमाले अध्यक्ष केपी ओलीले निरन्तर कोसिसपछिको जित र अबको यात्रा विश्वकप भन्दै नेपाली टोलीलाई बधाई दिएका छन् ।

■ क्रिकेटको १ करोड ५७ लाख ५० हजार नगद पुरस्कार निकासा

अर्थ मन्त्रालयले विभिन्न समयमा भएका क्रिकेट प्रतियोगिताको पूर्वघोषित एक करोड ५७ लाख ५० हजार नगद पुरस्कार निकासा गरेको छ । तीन प्रतियोगिताको पूर्वघोषित पुरस्कार निकासा भएको राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव टंकलाल घिसिङले जानकारी दिएका छन् ।

गत ५ देखि १८ वैशाखसम्म भएको एसिसी प्रिमियर कपका लागि ७९ लाख, ०७९ फागुन १२ देखि १८ गतेसम्म भएको आइसिसी यू-१९ पुरुष विश्वकप एसिया छनोटको ४६ लाख र आइसिसी विश्वकप लिग-२ का लागि ३२ लाख ५० हजार नगद पुरस्कार निकासा भएको हो ।

स्वास्थ्य बिमा...

पृष्ठ १ बाट क्रमशः

कार्यवाहक अधिकार तोकेका छौं । त्यसैले कार्यालयको काममा र बिमासम्बन्धी काममा समस्या छैन ।'

बोर्डमा सुनियोजित प्रहार

आफ्नो कार्यअवधिमा स्वास्थ्य बिमा कार्यक्रमलाई करिब ७७ जिल्लामै विस्तार गरिएको प्रमुख कार्यकारी डा. बसौलाको दाबी छ । त्यस्तै, अस्पतालहरूको दाबीलाई भुक्तानी गर्ने प्रक्रियालाई छिटो-छरितो गरिएको उनले बताए । त्यस्तै, झुटो दाबी गर्ने अस्पताललाई बोर्डले कालो सूचीमा समेत राखेको छ । साथै, अस्पतालले गर्ने दाबी रकमको प्रमाणीकरणका लागि अनलाइन प्रणालीको सुरुवात गरिएको उनको दाबी छ ।

आफूले राम्रो काम गर्दागर्दै स्पष्टीकरण सोधिएको बसौलाको भनाइ छ । 'पहिला अस्पतालले झुटो विवरण देखाएर धेरै रकम दाबी गर्ने गरेका रहेछन् । तर, अहिले हामीले पूरै अनलाइन प्रणाली अपनाएका छौं । जसअनुसार बिमितले उपचार गरेको सबै विवरण र रकम बोर्डको सिस्टममा देखिन्छ,' उनले भने ।

त्यस्तै, डा. बसौलाले कैदीहरूको बिमा गर्नका लागि कार्यविधिसमेत बनाइसकेको बताए । बिमा गर्न तथ्यांकसमेत लिइसकेको उनको दाबी छ । यसका साथै बिमितबाट संकलन गरिएको रकम बोर्डमा नै जम्मा गर्न कोषको पनि स्थापना गरिएको छ । बजेटमा व्यवस्था गरिएअनुसार अपांग, वृद्ध र गरिबीको रेखामुनि रहेका नागरिकको निःशुल्क बिमासमेत गरिएको उनले दाबी गरे । स्वास्थ्य मन्त्रालयले बिमा बोर्डलाई कमजोर बनाएको डा. बसौलाको दाबी छ । 'बोर्डको सबलीकरणका लागि मैले धेरैपटक मन्त्रालय पुगेर सुझावहरू दिएको छु । तर, कहिल्यै मेरो कुराको सुनुवाइ भएन,' उनले भने । बसौला २६ कात्तिक ०७७ मा चार वर्षका लागि बोर्डमा प्रमुख कार्यकारी पदमा नियुक्त भएका थिए ।

तर, स्वास्थ्यमन्त्री मोहनबहादुर बस्नेतले बसौलाको नियतमै समस्या देखिएकाले निलम्बन गरिएको बताए । 'उहाँसँग क्याबिनेटले स्पष्टीकरण सोधेको छ । मैले सोधेको स्पष्टीकरणमा पनि चित्तबुझ्दो जवाफ दिनुभएन । उहाँ स्वीकृति नलिई विदेश गएको, बिमाको रकममा अनियमितता र राम्रो काम भएन भनेर गुनासो आए । कतिपयलाई उहाँले पक्षपात पनि गर्नुभएछ । त्यसैले उहाँ निलम्बनमा पर्नुभएको हो,' मन्त्री बस्नेतले भने, 'हामीले छिट्टै नयाँ कार्यकारी निर्देशक राख्ने तयारी पनि गरेका छौं । हाम्रो मान्छे राख्न वा प्रतिशोध राखेर उहाँलाई निकालिएको हुँदै होइन ।' बसौला नहुँदा कार्यालयको काममा र बिमासम्बन्धी काममा कुनै समस्या नभएको उनले बताए ।

स्वास्थ्य मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीका अनुसार कार्यकारी निर्देशक डा. बसौलालाई मन्त्रालयले ४५ दिनअगाडि नै स्पष्टीकरण मागेको थियो । तर, स्पष्टीकरण चित्तबुझ्दो नभएपछि मन्त्रिपरिषद्को निर्णयअनुसार नै निलम्बन गरिएको हो । 'डा. बसौलाले नियुक्त हुनुपूर्व मन्त्रालयलाई पेस गरेअनुसार काम गर्न सकेनन् । त्यसैले, मन्त्रालयले ४५ दिनको सूचना दिएर स्पष्टीकरण सोधेको थियो । तर, स्पष्टीकरण पनि चित्त बुझ्दो भएन,' उनले भने ।

सुन तस्करीका...

पृष्ठ १ बाट क्रमशः

उनले झुटा विवरण पेस गरी नागरिकता लिएको पुष्टि भएकाले रद्द गरिएको गृह मन्त्रालयका प्रवक्ता नारायणप्रसाद भट्टराईले बताए ।

नेपाली महिलासँग बिहे गरी छिरिङ लामो समयदेखि नेपालमा बस्दै आएका छन् । ठमेलमा उनको होटेल छ । व्यवसायको आवरणमा उनले सुन तस्करी, हुन्डीलगायत आपराधिक गतिविधि गर्दै आएको प्रहरी अनुसन्धानले देखाएको छ । सुन तस्करी मुद्दामा हाल उनी पुर्पक्षका लागि थुनामा छन् ।

छिरिङसँगै पक्राउ परेका अन्य तीन चिनियाँ नागरिकको पनि नेपाली नागरिकता भेटिएको छ । ती नागरिकता पनि रद्द गर्ने प्रक्रिया अघि बढेको गृह मन्त्रालयले जनाएको छ ।

सुन तस्करी मुद्दाको अनुसन्धान पूरा भएपछि नागरिकताको विषयमा पनि छानबिन सुरु भएको छ । यस विषयमा छानबिनका लागि जिल्ला प्रहरी कार्यालय काभ्रेलाई पत्राचार गरिएको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)का प्रवक्ता नवराज अधिकारीले बताए ।

अन्य चिनियाँहरू सेग फा डिङ, वेन-ती सुङ ली र नेनकाल लीको पनि नेपाली नागरिकता भेटिएको छ । डिङले राम लामाको नाममा, वेन-तीले छिरिङ लामाको नाममा तथा नेनकालले सोनाम लामाको नाममा नागरिकता लिएका थिए । ती नागरिकता पनि रद्द गर्ने प्रक्रिया गृह मन्त्रालयले अघि बढाएको छ ।

साथै, यो प्रकरणमा जिल्ला प्रहरी कार्यालयले पनि अनुसन्धान अघि बढाएको छ । चारैजना चिनियाँलाई जिल्ला अदालत काभ्रेले नागरिकतासम्बन्धी कसुरमा पक्राउ पुर्जी जारी गरिसकेको छ । नागरिकता दिलाउन सघाउने अन्य व्यक्तिमाथि भने अनुसन्धान सुरु भइसकेको छैन । चिनियाँहरूको बयानपछि यसमा संलग्न थप व्यक्तिमाथि अनुसन्धान हुने जिल्ला प्रहरी कार्यालयका डिएसपी राजकुमार श्रेष्ठले बताए ।

'नेपाली नागरिकता लिने चिनियाँलाई बयानमा बोलाउने तयारीमा छौं,' डिएसपी श्रेष्ठले भने, 'थप व्यक्तिको संलग्नता खुलेमा त्यसपछि अनुसन्धान हुन्छ ।' चिनियाँहरूले पैसा खर्च गरेर नेपाली नागरिकता र पासपोर्ट बनाएको यसअघि सिआइबीमा बयान दिइसकेका छन् । यसरी नागरिकता दिलाउँदा जिल्ला प्रशासन कार्यालयमा सेटिङ मिलाइएको सिआइबीको प्रारम्भिक अनुसन्धानले देखाएको छ । जस आधारमा कर्मचारीसमेत अनुसन्धानमा तानिने सम्भावना छ ।

गत २ साउनमा राजस्व अनुसन्धान विभागले ६१ केजी सुन बरामद भएपछि यसमा चिनियाँ गिरोहको संलग्नता खुलेको हो । पछि केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले संगठित अपराध मुद्दामा अनुसन्धान गरी मुद्दा दायर गरेको थियो । तस्करीमा नेपालमा प्रभावशाली व्यक्तिसमेतको संलग्नताको आकलन गरिए पनि पहिलो चरणको अनुसन्धानमा भने त्यो खुल्न सकेन । सिआइबीले दोस्रो चरणमा अनुसन्धान गर्ने भने पनि तीव्रता पाउन सकेको छैन ।

सरकारले उच्च अदालतका पूर्वन्यायाधीश डिल्लीराज आचार्यको नेतृत्वमा जाँचबुझ आयोग गठन गरेको थियो । नेपाल प्रहरीका पूर्वएआइजी सहकुल थापा, पूर्वसहसचिव किशोरजंग कार्की र पूर्वसहसचिव प्रेमराज जोशी सदस्य रहेको आयोगले विज्ञ तथा अनुसन्धानमा आबद्ध प्रहरीसँग छलफल गरिरहेको छ । यसमा जोडिएका थप व्यक्तिलाई पनि सोधपुछमा बोलाइने र स्थलगत निरीक्षणको तयारी भइरहेको आयोगका एक पदाधिकारीले बताए । आयोगले सुन तस्करीसम्बन्धी पुराना छानबिन प्रतिवेदन, फैसलाहरू तथा हालैको अनुसन्धानमा प्रतिवेदन पनि झिकाएर अध्ययन गरिरहेको छ ।

आयोगका अध्यक्ष आचार्यले पहिलो चरणमा विज्ञहरूसँग छलफल र प्रतिवेदनहरूको अध्ययन हुने र त्यसपछि यसमा संलग्न व्यक्तिहरूमाथि सोधपुछ गरिने बताए । 'अहिले हामी अभियोजनविज्ञ, राजस्वविज्ञदेखि सुन-चाँदी व्यवसायी, कानुनविद्हरूसँग यस विषयमा छलफल गरिरहेका छौं,' उनले भने, 'प्रतिवेदनहरू पनि मगाएका छौं, त्यसपछि दोस्रो चरणमा सोधपुछको काम हुन्छ ।'

नयाँ पत्रिका
शनिवारीय परिशिष्टाङ्क
झ्नयाँ
शनिबार १८ कातिक ०८०
nayapatrikaofficial @naya_patrika

प्राचीन लयमा फर्किँदै जनकपुरधाम

जनकपुरधाम आफ्नो प्राचीन लय पहिल्याउँदै बिस्तारै विकासको पथमा लम्किँदै छ













हदिश खुद्दार
hadisnaya@gmail.com
मधेशतिर

जनकपुरधाम धार्मिक सहर हो । मिथिला संस्कृतिको केन्द्र, ऋषिमुनीको तपोभूमि जनकपुरधामको आफ्नो भाषा मैथिली र लिपि तिरहुत हो । सीताको जन्मथलो, लोकतान्त्रिक राजा जनकले शासन गरेको मिथिला राज्यको राजधानी जनकपुरधाम वर्तमानमा मधेश प्रदेशको राजधानी हो ।

भनिन्छ, आजभन्दा पाँच हजार वर्षअघि ऋग्वेदलाई मूर्तरूप दिन तल्लीन थियो जनकपुरधाम । संसारकै सबभन्दा पुरानो र उत्कृष्ट पुस्तक ऋग्वेदको प्रथम खण्ड जनकपुरधाममै लेखिएको वरिष्ठ साहित्यकार डा. राजेन्द्र विमल बताउँछन् । लुम्बिनी सभ्यता र सम्पूर्ण आर्यवर्तको केन्द्रबिन्दु जनकपुरधाम नै रहेको डा.विमल दाबी गर्छन् । सम्पूर्ण आर्यवर्तमा नेपाल, भारत, पाकिस्तान, बंगलादेश, इराक, अफगानिस्तान, इरानलगायत मुलुक पर्छन् ।

धर्म, संस्कृति र ज्ञानसँगसँगै राजनीतिको लामो अनुभव पनि छ जनकपुरधामसँग । जनकलाई जनताको पीडा बुझ्ने राजा मानिन्छ । आफैंले हलो जोत्दा सीता फेला परेको किंवदन्ती चर्चित छ ।

जनकपुरधामका राजाहरूमा सबैभन्दा लोकप्रिय प्रतापी तथा दार्शनिक राजा शिरध्वज जनक मानिन्छ । उनको दरबारमा ठुल्ठूला ऋषि-महर्षिहरू आई शास्त्रार्थ गर्थे । इतिहासकारका अनुसार याज्ञवल्क्य, अष्टवक्र, शुकदेवजस्ता दार्शनिक विद्वानूलाई दरबारमा निम्त्याई दार्शनिक तत्वज्ञानबारे महिनौंसम्म शास्त्रार्थ चलाउँथे । शास्त्रार्थमा विजयी विद्वानलाई पुरस्कृत गरी पठाउँथे । राजा शिरध्वज जनक 'सर्वे भवन्तु सुखिन र सर्वे भवन्तु निरामया'को पक्षपाती थिए । प्राचीन मिथिला निकै विशाल र विस्तृत थियो भन्ने कुरा विष्णु पुराणबाट पनि थाहा हुन्छ ।

मिथिलाको सांस्कृतिक केन्द्र जनकपुरधामको लोकगाथा, नृत्य, भाषा, पहिरन, भोजन तथा रहनसहन अन्य स्थानको भन्दा भिन्न छ । जनकपुरधामको छठ, जनकपुरमा मनाइने दसैं, रामजानकी विवाह महोत्सव, मिथिला परिक्रमा, महागंगा आरती पछिल्लो समय पर्यटकहरूको आकर्षण बनेको छ । हिन्दू, मुस्लिम, बौद्ध तथा जैन धर्मको संगमस्थल जनकपुरधाममा प्रत्येक दिन मेला लाग्ने गर्छ । विश्वप्रसिद्ध जानकी मन्दिर, राम मन्दिर तथा दक्षिण एसियाकै सबभन्दा ठूलो रामनन्दीय प्रवेशद्वारले धेरै आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षित गरिरहेको छ ।

विडम्बना, इतिहासमा जति सबल र अब्बल थियो जनकपुरधाम, वर्तमानमा राज्यको उदासीनता र विभेदकारी नीतिका कारण ओझेलमा परेको यहाँका अग्रजहरू बताउँछन् । उनीहरूका अनुसार जनकपुरधामको गौरवगाथालाई राज्यले संरक्षण र प्रवर्द्धन गर्न सकेन ।

संरक्षण प्रवर्द्धन हुन नसक्नुका अनेक कारणमध्ये एउटा प्रमुख कारण मानिन्छ, जनकपुरधामको विद्रोही स्वभाव । राणाशासन, पञ्चायती व्यवस्था ०४६ साल, ०६२/०६३ को जनआन्दोलन होस् वा पटक-पटक भएको मधेश आन्दोलन सबैमा जनकपुरधाम अग्रमोर्चामा छ । जनकपुरधाममा राजा महेन्द्रको सवारी हुँदा बम फ्याँकेको आरोपमा फाँसीको शूलीमा दुर्गानन्द झालाई चढाइको थियो । त्यस्तो साहसी व्यक्ति जन्माउने भूमि पनि जनकपुर नै थियो । यी यावत् कारणले काठमाडौंपछि नेपालकै दोस्रो राजनीतिक उर्वर भूमिको रूपमा जनकपुरधामलाई लिइन्छ ।

नेपाली कांग्रेसका तत्कालीन नेता महेन्द्रनारायण निधिदेखि गणतान्त्रिक नेपालका प्रथम राष्ट्रपति डा.रामवरण यादवलाई जन्म दिने भूमि पनि यही जनकपुर हो । माओवादी केन्द्रका अध्यक्ष तथा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड, नेकपा एसका अध्यक्ष तथा पूर्वप्रधानमन्त्री माधवकुमार नेपालको भूमिगत राजनीतिक जीवनमा शरण र तथा शक्ति सञ्चयको अवसर दिने पनि जनकपुरधाम नै हो ।

विकासको पथमा जनकपुर

समयको विभिन्न कालखण्ड पार गर्दै जनकपुरधाम बिस्तारै विकासको पथमा लम्किँदै छ । गणतन्त्रपछि चुनिएका जनप्रतिनिधिको टिमले जनकपुर उपमहानगरपालिकालाई जनकपुरधाम उपमहानगरपालिका नामकरण गऱ्यो । अर्थात् धाम थपेर जनकपुरधामलाई धार्मिक नगरको रूपमा पहिचान दिने काम तत्कालीन मेयर लालकिशोर साहले गरे । उनले उपमहानगरपालिकाको भवनलाई हिन्दू धार्मिक संस्कृतिअनुसार नामकरण गराए र सहरी क्षेत्रका सर्वसाधारणका घरलाई समेत 'अरेन्ज कलर'मा पेन्ट गर्न लगाए । यस्तो गर्नुको एउटै कारण देखिन्छ, पर्यटकलाई लोभ्याउन सकियोस् ।

काठमाडौंपछि राजनीतिको उद्गमस्थल मानिन्छ जनकपुरधाम । काठमाडौंसँग वेलावेलामा फरक विचार राखेर आन्दोलित भइरहन्छ यो नगर । मुलुकलाई संघीय व्यवस्थामा जान मजबुर गराउने महत्त्वपूर्ण नगरमध्ये जनकपुरधाम पनि एक हो । संघीयता प्राप्तिको आन्दोलनमा सहिद भएका मधेश आन्दोलनका सहिदलाई पनि उचित सम्मान दिएको छ जनकपुरधामले । तत्कालीन मेयर साहले भन्दै पाँच करोडको लागतमा मुजेलियाँस्थित जनकपुरधाम-दल्केवर सडक खण्डमा सहिद प्रवेशद्वार निर्माण गराएका छन् । सो प्रवेशद्वारमा मधेश आन्दोलनका सबै सहिदहरूको नाम र उनीहरूको प्रतिमा राखिएको छ, जुन पछिल्लो समय जनकपुरधाम आउने पर्यटकहरूको आकर्षणको केन्द्र बनेको छ ।

भ्रमणमा आएका पर्यटकहरू एकदशक अघि र एकदशकपछिको जनकपुर हेरेर चकित नै हुने गरेका छन् । कोशी प्रदेशबाट जनकपुर घुम्न आएका एक आगन्तुक भन्छन्, 'एक दशकअघिको जनकपुर र अहिलेको जनकपुरमा व्यापक परिवर्तन आएको पाएँ । पहिले सानो र साँघुरा सडक थिए, अहिले फराकिलो भएछ । जताततै खाल्डाखुल्डी र फोहोरहरू देखिन्थे । अहिले त जनकपुरधामको मुहार नै फेरिएछ ।' उनका अनुसार मधेश प्रदेशमा एक दशकभित्र सबैभन्दा धेरै परिवर्तन भएको सहर नै जनकपुरधाम हो ।

केही दिनअघि लुम्बिनी प्रदेशबाट जनकपुरधाम घुम्न एउटा सञ्चारकर्मीको टोली आइपुगेको थियो । टोलीमा सहभागी सन्जु पौडेलले भनिन्, 'जनकपुरधामको बारेमा धेरै पढेको सुनेको थिएँ । यहाँ आएपछि यहाँको सभ्यताले मोहित बनायो । नेपालका थोरै



उपमहानगर प्रमुख
मनोजकुमार साह भन्छन्-

नयाँ काम गर्नुपर्ने केही छैन । यहाँका ऐतिहासिक संरचनालाई संरक्षण र संवर्द्धन गर्न सकियो भने मात्रै पनि जनकपुरधाम विश्वकै उत्कृष्ट धार्मिक पर्यटकीय सहरको रूपमा चिनिन्छ ।

सहरमध्ये जनकपुरधाम भव्य लाग्यो । यहाँका मठमन्दिर, पोखरीहरू बेजोड लाग्यो ।'

मठमन्दिर र पोखरीको सहरको रूपमा प्रसिद्ध जनकपुरधामको पहिलो आकर्षकको केन्द्र हो जानकी मन्दिर । मुगल शैलीमा निर्मि तीनतले जानकी मन्दिरलाई अंग्रेजीमा सीता प्यालेस, हिन्दीमा सिसमहल र बोलचालको भाषामा नौलखा मन्दिर पनि भनिन्छ ।

प्राचीन मिथिलाको राजधानी जनकपुरधामलाई वैवाहिक गन्तव्यस्थलको रूपमा विकास गर्ने लक्ष्यसहित करोडौँ रुपैयाँको लागतमा मनीमण्डप निर्माण गरिँदै छ । त्रेतायुगमा भगवान् रामसीताको विवाह भएको स्थानलाई मनिमण्डप भनिन्छ । सोही स्थानमा अहिले भारतसहितका विदेशी तथा स्वदेशी पर्यटकलाई आकर्षित गर्ने उद्देश्यले संघीय सरकारको १८ करोड १५ लाखको लगानीमा प्राचीन जनकपुरधामको झल्को दिने गरी दुईतले जनक दरबार, धर्मशाला, पार्टी प्यालेस, विवाहका लागि मण्डपलगायत भौतिक संरचना निर्माण अन्तिम चरणमा पुगेको छ ।

प्यागोडा शैलीमा निर्माण गरिएको विवाह मण्डप, राम मन्दिर, गंगा सागरमा दैनिक हुने महागंगा आरती, मनिमण्डप, जनक मन्दिर, धनुषाधाम, सहिद प्रवेशद्वार पर्यटकहरूको रोजाइमा पर्ने गरेका छन् । उहिलेदेखि जनकपुरधामको विशेषता हो, ५२ कुटी ७२ कुण्ड । ७२ कुण्ड वर्तमानमा देख्न नपाए पनि दर्जनौं पोखरी जनकपुरधाममा अहिले पनि देख्न पाइन्छ । ती पोखरीको आआफ्नै धार्मिक महत्त्व छन् । तीमध्ये गंगासागर, धनुषसागर, अंग्रसर, वाल्मीकि सर, रुकमनी सर, दशरथ तलाउ प्रसिद्ध छन् । धनुष सागर र गंगासागरसहितका पोखरीमा नुहाएपछि मन पवित्र हुने जनविश्वास छ । 'सेभ द जनकपुर हिस्टोरिकल' संस्थाको अगुवाइमा गंगासागरमा दैनिक महागंगा आरती हुँदै आएको छ । ती पोखरीमध्ये अधिकांशलाई थप सुन्दर बनाउने कार्य भइरहेको छ । पोखरीहरू सौन्दर्यकरण भएपछि जनकपुरधामको पर्यटन विकासमा थप टेवा पुग्ने यहाँका व्यवसायी बताउँछन् ।

> इतिहासमा जति सबल र अब्बल थियो जनकपुरधाम, वर्तमानमा राज्यको उदासीनता र विभेदकारी नीतिका कारण ओझेलमा परेको छ । जनकपुरधामको गौरवगाथालाई राज्यले संरक्षण र प्रवर्द्धन गर्न सकेन । संरक्षण प्रवर्द्धन हुन नसक्नुका अनेक कारणमध्ये एउटा प्रमुख कारण मानिन्छ, जनकपुरधामको विद्रोही स्वभाव ।

विभिन्न धर्मको संगमस्थल

जनकपुर हिन्दूहरूका लागि प्रमुखस्थल त हो नै, अन्य धर्मका मानिसका लागि पनि प्रमुख स्थल हो । डा. विमल भन्छन्, 'मुस्लिम, जैन, बौद्ध धर्मका लागि पनि जनकपुर महत्त्वपूर्ण स्थान हो । मुस्लिमहरूको पूर्वज सुफी सन्तहरूको कर्मक्षेत्र मिथिला नै हो । ती सन्तहरूको मजार (अन्तिम दाहसंस्कार गरिएको स्थल)मा हजारौं मुस्लिमहरूको भिड लाग्ने गर्छ ।' डा. विमलका अनुसार ११औं शताब्दीमा मुस्लिम समुदायका प्रमुख ६ शाखा नक्बदी, सोहबदी, कादरी, तिस्ती, गुलजारी र कलबदरी यहाँबाटै विस्तार भएको थियो ।

जनकपुरको १६ नम्बर वडामा रहेको बाबा झुमअली शाहको मजार, महोत्तरी अध्यानपुरमा रहेको बाबा गदाअली शाह, बाहर अली शाह, रहम अली शाहको मजारले पनि सुफी सन्तहरूको कर्मक्षेत्र मिथिला रहँदै आएको पुष्टि गर्छ ।

त्यस्तै, बौद्ध धर्मको जातक कथामा जनकपुरको वर्णन गरिएको डा. विमलको भनाइ छ । त्यस्तै, जैन धर्मका गुरु लमलीनाथ र नेवीनाथको जन्म जनकपुरमै भएकाले उक्त धर्मका मानिसका लागि पनि जनकपुर महत्त्वपूर्ण रहेको छ । समय-समयमा जनकपुरमा जैन धर्मको विभिन्न धार्मिक पूजापाठ हुँदै आएको छ । जनकपुरधाममा जैन धर्मावलम्बीको बसोवास छ ।

ऐतिहासिक नगरलाई धार्मिक पर्यटकीय नगरको रूपमा विकास गर्न जनकपुरधाम उपमहानगरपालिकाले जोड दिइरहेको छ । उपमहानगर प्रमुख मनोजकुमार साह भन्छन्, 'यहाँ नयाँ काम गर्नुपर्ने केही छैन । यहाँका ऐतिहासिक संरचनालाई संरक्षण र संवर्द्धन गर्न सकियो भने मात्रै पनि जनकपुरधाम विश्वकै उत्कृष्ट धार्मिक पर्यटकीय सहरको रूपमा चिनिन्छ ।' जनकपुरधामको सबल र अब्बल इतिहासलाई जोगाउन सके कायापलट हुने उनको भनाइ छ । उनी भन्छन्, 'अहिले नयाँ काम केही पनि गरिरहेको छैन । प्राचीन जनकपुरधामलाई वर्तमानमा कसरी ल्याउन सकिन्छ भन्ने नै मेरो उद्देश्य हो । म यही उद्देश्यअनुसार काम गरिरहेको छु ।'

धार्मिक पर्यटनलाई टेवा पुग्ने गरी जनकपुरमा कामहरू थालिएको मेयर साह बताउँछन् । 'जनकपुरलाई धार्मिक पर्यटन नगरीका रूपमा विकास गर्न सोहीअनुसार योजना बनाई काम अघि बढाउँदै छु,' उनी भन्छन्, 'त्यही योजनाअनुसार फोहरमैला व्यवस्थापन, पार्किङ निर्माण, फुटपाथ निर्माण, छाडा पशुहरूको व्यवस्थापन, पोखरीको सौन्दर्यीकरण, ट्राफिक व्यवस्थापनसहितको क्षेत्रमा तीव्र काम भइरहेको छ । यी सबै काम पूरा भएको खण्डमा जनकपुरधाम अहिलेकोभन्दा झन् सुन्दर देखिनेछ ।' रामसीताको स्वयंवर भएको ठाउँलाई सौन्दर्यीकरण गर्ने नयाँ परियोजना चाँडै सुरु हुने उनी बताउँछन् ।

मधेश प्रदेश सरकारले पनि जनकपुरधामको विकासमा सहयोग गर्दै आएको छ । मधेश सरकारका पहिलो मुख्यमन्त्री लालबाबु राउतले आफ्ना विकास निर्माणका योजना जानकी मन्दिरबाट सुरुवात गरेका थिए । जानकी मन्दिरमा लाइटिङ लगाउने, मार्बल लगाउने काम प्रदेश सरकारले गरेको थियो ।


मधेश प्रदेश सरकारकी पर्यटनमन्त्री सुनिता यादवले मधेश प्रदेशमा धार्मिक पर्यटनको प्रचुर सम्भावना रहेकाले पर्यटनसम्बन्धी गुरुयोजना बनाएर प्रदेश अगाडि बढ्ने बताइन् । जानकी मन्दिर अहिले संघीय सरकारमातहत रहेको बताउँदै मन्त्री यादवले भनिन्, 'जानकी मन्दिरसहित यहाँका धार्मिक मठमन्दिरमा प्रदेश सरकारले काम गरिरहेको छ । तर, ती मन्दिर अहिले पनि गुठी संस्थानअन्तर्गत संघीय सरकारमातहत छन्, त्यसकारण प्रदेश सरकारलाई काम गर्न कठिनाइ भइरहेको छ ।'

जानकी मन्दिरलगायत अन्य मन्दिरमा दान भेटीहरू पारदर्शी नभएको मन्त्री यादव बताउँछिन् । उनी भन्छिन्, 'यो अपारदर्शिताकै कारण जानकी मन्दिरलाई ट्रस्टमा लैजाने वा के गर्ने भन्ने विषयमा छलफल भइरहेको छ ।' जनकपुरधामको मठमन्दिरको स्तरोन्नति तथा धार्मिक पर्यटनमा टेवा पुऱ्याउन प्रदेश सरकारले भन्डै १० करोड बजेट विनियोजन गरेको मन्त्री यादवले बताइन् ।

परदेशीको दसैँ









मुना कुँवर
munakunwar012@gmail.com

प्रवासबाट

महान् पर्व दसैँ परदेशमा बस्ने नेपालीले पनि आ-आफ्नै तरिकाले मनाएका छन् । बिदा नपाएर घर जान नपाए पनि कतारमा नै जमघट भई नेपाली श्रमिकले दसैँ मनाएका छन् । कतारमा रहेका श्रमिक सम्भव भएसम्म दोहास्थित नेपाली दूतावासमा नै पुगेर टीका लगाउने चलन छ । गैरआवासीय नेपाली संघले दूतावासको समन्वयमा टीका लगाउने कार्यक्रम राख्ने गरेको छ । दूतावास जान सम्भव नहुने श्रमिकले डिउटीपछि खुल्ला ठाउँमा जमघट भएर पनि मनाउने गरेका छन् । कतिपय श्रमिकले नजिकको शुक्रबारको दिन टीका लगाउनेसमेत गरेका छन् ।

मोरङका सन्दीप ढुंगेल कतार आएको १० दिन भयो । कम्पनीको आइडी कार्ड बनिनसकेकाले उनको डिउटी सुरु भएको छैन । २२ वर्षीय सन्दीपले वैदेशिक रोजगारीका लागि युरोपका विभिन्न मुलुकमा प्रयास गरे, तर भिसा लागेन । एकैपटक कतारको भिसा भने लाग्यो । दसैँको मुखैमा घरपरिवार छाडेर कतार आउने मन त थिएन, तर भिसा आइहाल्यो । 'म भाग्यमानी कि अभाव थाहा छैन,' उनले भने । अन्त धेरै कोसिस गरैं, तर भिसा लागेन । कतारमा भने दसैँको मुखैमा भिसा आयो ।

कतारको सनैयामा भेटिएका सन्दीप नेपाली दिदीसँग टीका लगाउन आएका थिए । 'आज बिहानदेखि नराम्रो लागिरहयो । मैले बिहानैदेखि आज मोबाइल पनि हेरेको छैन । जता पनि घरपरिवारको टीका लगाएको फोटो छ । त्यसैले मैले मोबाइल नै अफ गरिदिएँ,' उनले भने । नेपाली दिदीले टीका लगाउने भनेपछि उनी खुसी भएका थिए ।

झापाकी सुजता पोखरेल पनि कतार आएको एक वर्ष भयो । तर, उनका श्रीमान् दिलीप निरौला भने कतारमा आएको ६ वर्ष भयो । सुजताले श्रीमान् दिलीपको हातको टीका नलगाएको पाँच वर्ष भयो । यसपटक भने उनीहरूले कतारमा नै दसैँ मनाए । सनैयामा बेलुका ७ बजेतिर सुजता र दिलीप भेटिए । सुजताले प्लास्टिकमा अबिर र चामल पोको पारेर ल्याएकी थिइन् । दुवैजनाले चौरमा बसेर टीका बनाए । मुस्किलले पाँचवटा जमरा थियो । साथमा उनले सेल, चिउरा, मासु, अचार बनाएर पनि ल्याएकी थिइन् । उनीहरू दुवैजना कतारमा भए पनि एकैसाथ छैनन् । दुवैजना आ-आफ्नै कम्पनीको क्याम्पमा छन् ।

दसैँको दिन डिउटी सकिएपछि बेलुका मात्रै उनीहरूको भेट भएको हो । चौरमा नै बसेर दिलीपले सुजतालाई टीका लगाईदिए । लामो समयपछि श्रीमान्को हातको टीका लगाउँदा सुजता खुसी थिइन् । तर, परिवारबाट टाढा हुँदा भने दुःखी थिइन् । टीका बनाउँदै गर्दा उनले परिवारलाई सम्झँदै रोइन् ।

'बिहान घरमा भिडियो कल गरैं । सबैजनालाई देखेर मन नै थामिएन,' उनले भावुक हुँदै भनिन् ।

महोत्तरीका सुरेश साह दसैँमा घर जान नपाएको १५ वर्ष भइसक्यो । वैदेशिक रोजगारीका लागि भारत हुँदै अहिले कतार आएका सुरेशलाई दसैँमा घर जाने मौका भने मिलेको छैन । साहको घरमा दुई छोरा र श्रीमती छन् । प्रत्येक दसैँमा घरका परिवारले उनी आउने आस गर्छन् । तर, कम्पनीले भनेको समयमा बिदा नदिँदा उनी घर जान पाएका छैनन् । दसैँको दिन बिहान दोहास्थित नेपाली दूतावासमा भेटिएका साहले परिवारलाई सम्झँदै भने, 'दसैँमा घर जाने मन कसको नहोला र ? तर, हामी परदेशीको जीवन यस्तै रहेछ ।'

नेपालमा परिवारसँग मनाएको दसैँ पनि अब त साहले भुल्न लागिसके । '०५९ सालमा मेरो विवाह भएको थियो । त्यो वर्ष टीका लगाउन सुसुराली सिन्धुली गएको याद छ,' उनले भने, 'परदेशमै धेरै वर्ष बसेकाले अब त पहिले मनाएका दसैँहरू बिर्सन लागिसकैं ।'

कतारमा साहले आफ्नै साथीभाइसँग बसेर देवीको आराधना गर्दै दसैँ मनाउँछन् । पोखराकी सलिना गुरुङ र खोटाङकी कविता तामाङ कतार आएको ६ वर्ष भयो । उनीहरू एउटै कम्पनीमा काम गर्छन् । तर, विगत पाँच महिनादेखि उनीहरूले आफ्नै व्यवसाय सुरु गरेका छन् । सनैयाको सपिङ मलमा भेटिएका उनीहरूले कुर्था र रातो टीका लगाएका थिए । चाडपर्वमा घर जान नपाए पनि दसैँको दिन बिहानै एक-अर्कालाई टीका लगाएर उनीहरूले दसैँ मनाए । 'कतार आएको सुरु-सुरुमा त दसैँ आउँदा सारै नरमाइलो लाग्थ्यो । अब बानी पर्न थाल्यो,' सलिनाले भनिन्, 'दुईजना साथी छौं, एक-अर्कालाई टीका लगाइदिन्छौं । रमाउने कोसिस गर्छौं ।'

नुवाकोटीकी रिया परियार पनि कतार आएको दुई वर्ष भयो । उनका श्रीमान् भने विगत सात वर्षदेखि कतारमा छन् । केही समयअघिदेखि उनीहरूले कतारमा व्यवसाय पनि सुरु गरेका छन् । दसैँको दिन रियाले पसलमै बसेर टीका लगाएकी छिन् । टीकाको दिन परदेशमा बस्ने कसैको पनि निधार खाली नहोस् भनेर टीका लिएर बसेको उनले बताइन् । 'हामी परिवारबाट त टाढा छौं । तर, हाम्रो परम्पराअनुसार निधार खाली राख्नुहुँदैन भनेर पसलमै टीका लिएर बसेकी छु,' उनले भनिन्, 'यो बाटो हिँड्ने १० जनाले आएर टीका लगाएर जानुभयो ।'

> कतारको सनैयामा बेलुका ७ बजेतिर सुजता र दिलीप भेटिए । सुजताले प्लास्टिकमा अबिर र चामल पोको पारेर ल्याएकी थिइन् । दुवैजनाले चौरमा बसेर टीका बनाए । मुस्किलले पाँचवटा जमरा थियो । साथमा उनले सेल, चिउरा, मासु, अचार बनाएर पनि ल्याएकी थिइन् ।

गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद् कतारले प्रत्येक वर्ष विजया दशमीको दिन टीका ग्रहण कार्यक्रम आयोजना गर्ने गरेको छ । कतारमा रहेका नेपालीबीचको एकता र संस्कृतिको जगेर्नाका लागि पनि संघले सामूहिक रूपमा टीका लगाउने कार्यक्रम गर्ने गरेको संघका अध्यक्ष रमेश भट्टले बताए । यो वर्ष पनि संघले टीका ग्रहण कार्यक्रमको आयोजना गरेको थियो । कार्यक्रम कतारस्थित नेपाली दूतावासको कार्यक्रम हलमा आयोजना गरिएको थियो । टीका ग्रहण कार्यक्रममा संघका पदाधिकारी तथा अन्य नेपाली श्रमिकको पनि उपस्थिति थियो । तर, श्रमिकको उपस्थिति भने न्यून थियो । श्रमिकहरू डिउटीमै हुने हुँदा दसैँ मनाउन पाउँदैनन् ।

कतारमा रहेका नेपालीले दसैँ मनाउने चलन पहिलेभन्दा अहिले अलिक परिवर्तन भएको श्रमिकहरू बताउँछन् । पहिला टीका लगाएर बाहिर हिँडडुल गर्न कठिन हुन्थ्यो । मुस्लिम मुलुक भएका कारण टीका लगाउँदा उनीहरूको संस्कृतिको विरोध गरेको महसुस गर्ने गरेको एक श्रमिकले बताए । त्यसैले श्रमिकहरूले डिउटीपछि वा शुक्रबार क्याम्पभित्र नै बसेर टीका लगाउँथे । तर, टीका लगाएर बाहिर हिँडडुल भने गर्दैनथे । बाहिर निस्कनुपरे टीका पुस्थे । अहिले भने टीका लगाएर बाहिर निस्किँदा खासै समस्या नहुने उनले बताए ।

चाडपर्वले परदेशीलाई निकै रुवाउने गरेको छ । चाडपर्वका फोटा सामाजिक सञ्जालमा छप्रस्ट हुने हुँदा घरपरिवारको यादले झनै विक्षिप्त बनाउने उनीहरूको अनुभव छ ।

गुन्जायमान बन्यो मूलपानी रंगशाला









ज्ञानेन्द्र कार्की
gyanedratapu@gmail.com

फोटो कथा

आयोजक राष्ट्र नेपालले सिंगापुर, मलेसिया, ओमान र युएईसँग खेल्दै 'टी २० विश्वकप'मा आफ्नो दोस्रो यात्रा तय गरेको छ । शुक्रबारको युएईसँगको खेल जित्नैपर्ने नेपाललाई दबाब थियो । यदि युएईलाई नजितेको भए नेपालको विश्वकप यात्रा यसपटकलाई टुंगिने थियो ।

शुक्रबार बिहान ११ बजे सुरु हुने खेल हेर्न दर्शकहरू बिहान ९ बजे नै मूलपानीस्थित क्रिकेट मैदानमा पुगिसकेका थिए । यति धेरै संख्यामा दर्शकहरू मूलपानीमा पहिलोपटक उपस्थित भए । दर्शकहरू खेलाडीलाई हौसला बढाउन घरको छत, पाखा, रूखमा समेत बसेर हुटिङ गरिरहेका थिए ।

युएईले टस जितेर नेपाललाई बलिङ गर्न दिएपछि दर्शकहरू 'नेपाल नेपाल' भन्दै हौसला दिइरहेका थिए । नेपालले गरेको प्रत्येक बलिङमा दर्शकहरू निकै उत्साहित देखिन्थे । नेपालको तर्फबाट सोमपाल कामीले रनआउट गर्दा क्रिकेट मैदानमा हुटिङ गुन्जिएको थियो ।

नेपाललाई युएईले १३४ रनको टार्गेट दिँदा दर्शकहरू सहज जितको आशामा खुसी देखिन्थे । नेपाली टिमले ब्याटिङमा आएर पहिलो बाउन्ड्री लाग्दा दर्शकहरू खुसीले रमाएका थिए । कुशल भुर्तेल आउट हुँदा सुनसान भएको रंगशाला जब आसिफ सेखको ब्याटबाट चौका लाग्यो मूलपानी रंगशाला हुटिङले गुन्जायमान भयो । जब युएईले नेपाललाई दिएको टार्गेट दुई विकेटको क्षतिमा भेट्टायो दर्शकहरूले 'नेपाल नेपाल' भन्दै हुटिङ लगाउन थाले ।

चाउचेस्कुपथमा नेपाली कम्युनिस्ट आन्दोलन

राम कार्की 'पार्थ'बाट धेरै अपेक्षा गरिएको थियो । उहाँको किताब निस्किँदै छ भन्दा नयाँ धुमलिँदै, नासिँदै, बदनाम हुँदै गएको माओवादी आन्दोलनमाथि विहंगम दृष्टिकोणसहितको समीक्षा आउला भन्ने यो पंक्तिकारले कल्पना गरेको थियो ।



हरि रोका
hariroka@gmail.com

समीक्षा

दिन्यू योर्कको फेब्रुअरी २०१६ को अंकमा जोर्ज प्याकरको 'ह्वाई लेफ्टिस्ट गो राइट' शीर्षकमा एउटा लेख प्रकाशित भएको थियो । त्यो लेख अनलाइन अंकको लिंक मलाई क्यानडामा बसिरहेका मेरा मित्र अनिल भट्टराईले पठाइदिएका थिए । लेखको सुरुमै उनले रुजवेल्टको 'न्यु-डिल प्रोग्राम' को विरोध गरेका छन्, जुन अहिले पनि अमेरिकी उदार राजनीतिमा अत्यन्त प्रभावशाली प्रगतिशील कार्यक्रम मानिन्छ, त्यसको विरोध त्यतिवेलाका केही अमेरिकी विद्वान्ले गरेका थिए । जो विगतमा वामपन्थी पृष्ठभूमि बोकेका थिए । १९६०/७० को दशकमा वामपन्थी भनेर कहलिएका एलिजावेथ वारेन, ग्यारी विल्स, जोन डिदोएन केभिन फिलिप्सले अत्यन्त दक्षिणपन्थी सोच भएका राष्ट्रपति निक्सन र पछि रोनाल्ड रेगनलाई सघाउन पुगेका थिए । राजनीतिज्ञत्रय चर्चिल, क्लमेन्स र लियोद जर्जले भनेको भनेर, 'कोही मान्छे बीस-बाइसे उमेरमा समाजवादी भएन भने उसको हृदय छैन, र कोही चालीस नाघेर पनि समाजवादी भइरहयो भने उसको दिमाग छैन' भन्ने फ्रेज पनि उनले उल्लेख गरेका थिए ।

वास्तवमा चर्चिललगायत पण्डितहरूले बनाएको फ्रेजलाई नेपालका मूलधारका वामपन्थीले फेल गराएका छन् । प्याकरको विश्लेषण त वामपन्थ छोडेर दक्षिणपन्थ हुने वा दक्षिणपन्थ छोडेर वामपन्थ हुने प्रक्रियामा सीमित थियो, तर नेपाली मूलधारको वामपन्थ त एकातर्फ वामपन्थ अर्थात् कम्युनिस्ट पार्टीको लोगो पनि भिरिरहने, अर्कोतर्फ त्यही नाममा सरकारमा बसेर घोर दक्षिणपन्थी पुँजीवादी कार्यक्रम पनि लागू गरिरहने भएका छन् । यस्तो सडेल क्रियाकलापलाई तिनले नेपालमा देख्न पाएको भए कस्तो फ्रेज तयार पार्थे भन्न सकिन्न । किनकि अहिले नेपाली कम्युनिस्ट आन्दोलनको मूलधार मानिएका नेकपा एमाले र नेकपा (माओवादी)मा क्रियाशील नेतृत्व वर्ग कम्युनिस्ट पार्टी नाम लिएपै गैरकम्युनिस्ट मात्र होइन, निक्रिष्ट पुँजीवादी (ब्याड क्यापिटालिजम) अभ्यास गरिरहेछन्, (द्रष्टव्य : सन् २००७ मा प्रकाशित विलियम जे बौमोल, रोवर्ट ई लिटान र कार्लजे स्कार्म लिखित 'गुड क्यापिटालिजम, ब्याड क्यापिटालिजम एन्ड दि इकोनोमिक ग्रोथ एन्ड प्रस्परिटी'बाट यो ब्याड क्यापिटालिजम शब्द साप्ट लिइएको हो) । सन् १९९० को दशकमा संसारभरिको वामपन्थ र कम्युनिस्ट आन्दोलन किन ओह्रालो लाग्यो, के-कस्ता कमजोरी रहे भन्नेबारे प्रशस्तै विवेचना गरिएका छन् । तारिक अलीदेखि अलान बैदुसम्म, एरिक ओलिन राइटदेखि यानिस भारुफाकिससम्म वेन्डी ब्राउनदेखि स्लाभो भिफ्भेकसम्म, सयौँ लेखक तथा समीक्षकका पुस्तक बजारमा उपलब्ध छन् । तर, नेपालको वामपन्थी आन्दोलन र यसका उतार-चढावबारे किताबकै रूपमा रचनाहरू छैनन् भन्दा हुन्छ । यस्तो अवस्थामा समग्र वामपन्थी आन्दोलनलाई धेरै नजिकबाट हेरेर, आन्दोलनलाई व्यहोरेर र भोगेर आएकाहरूबाट गम्भीर समीक्षा आओस् भनेर नेपाली वाम आन्दोलनलाई नजिकबाट माया र सद्भाव राख्नेहरूको सधैं प्रतीक्षा हुँदै आएको छ ।

नेपालको मूलधारको वामपन्थ र कम्युनिस्ट आन्दोलन गम्भीर विचलनबाट गुज्रिरहेको छ । सच्याउन सक्ने गुन्जायस क्षीण हुँदै गएको छ । यदि अर्को कुनै नवोदित ढंगले वाम आन्दोलन उठ्न सकेन भने अहिलेसम्म वामपन्थीहरूले गरेको बलिदान खेर जाने मात्र होइन, भयानक दक्षिणपन्थी फासीवादको उदय हुन सक्ने सम्भावनालाई नकार्न सकिन्न । यस्तो अवस्थामा नेपाली कम्युनिस्ट वामपन्थको समीक्षात्मक विवेचना गरिएको कामरेड राम कार्की 'पार्थ'को नयाँ पुस्तक 'विकल्प, समता, समाजवाद र मुक्त दुनियाँ' बुकहिल प्रकाशनले बजारमा ल्याएको छ ।

०००

कामरेड राम कार्की (पार्थ)को यो पुस्तकमा ३१ वटा लामाछोटा आलेख र दुईवटा दस्ताबेज (फरक मत) सामेल छन् । आलेखमध्ये केही नयाँ छन् र केही पुराना प्रकाशित भइसकेका लेखहरू समेटिएका छन् । गम्भीर पाठकले यो पुस्तक दुई-तीन बसाइमा पढ्न सक्नेछन् । गम्भीर अध्येताका लागि अलि बढी समय लाग्न सक्छ । राम कार्की विद्यार्थी हुँदा (पञ्चायत कालमा) भाषण सुनेकाहरूले उहाँका यी आलेख पढ्दा त्यत्तिकै स्वाद प्राप्त गर्न सक्नेछन् । उहाँको भाषा उत्कृष्ट छ र कथनी गर्ने शैली रोमाञ्चक । त्यसैले किताब समातेर पहिलै पृष्ठ पढ्नासाथ पूर्णपाठका लागि जबर्जस्त आकर्षण पैदा हुन सक्छ ।

कामरेड कार्कीले पूर्वकथनमै नेपालका राजनीतिक पार्टीबारे धेरै कुरा भन्न खोज्नुभएको छ ।

०००

सिद्धान्त, विचार र कार्यक्रम नभएपछि अहिले नेपालमा कम्युनिस्ट, कांग्रेस, राप्रपा, रास्वपा एकै ड्याडका सब्जी खेतीजस्ता देखिएका छन् । जहाँ कुनै भिन्न फसल उब्जँदैन । राजनीतिक पार्टीमा आउने शक्ति पनि एउटै वर्ग र एकै संस्कृति तथा आचरणको हुनु पनि अस्वाभाविक हुँदैन ।












कार्कीजीले आफ्नो पुस्तकका धेरै ठाउँमा किसानका, मजदुरका, विद्यार्थीका वा श्रमजीवीका अन्य पेसागत हकहितका मुद्दा नउठ्ने गरेको, आन्दोलन हुन नसक्नुको कारण खोतल्ने प्रयत्न गर्नुभएको देखिन्छ । सैद्धान्तिक आवरणमा रुसमा सेल्फ अर्गनाइजेसन र भेनगार्डको कन्सेप्ट कसरी नाश भयो भन्ने जान्दाजान्दै पनि नेपालको कम्युनिस्ट आन्दोलन जोगाउन नसकिएको महसुस उहाँले गर्नुभएको देखिन्छ ।

यथार्थमा अहिले मूलधारका कम्युनिस्ट पार्टीहरू सत्ताको पछि दौडिएका छन् । सत्ताले दिने सुखभोग क्षणिक हो भन्ने कुरा बिर्सिएका छन् । अहिले संसद्वादको आहालमा डुबुल्की मारिरहेका यी पार्टी यति लाख उति लाख सदस्य रहेका दाबा गरिरहेका छन् । यथार्थमा ती वास्तविक कम्युनिस्ट पार्टीका क्रान्तिकारी दस्ता हुँदै होइनन् । उनीहरूसँग कुनै पनि किसिमको जुझारुपन नै छैन । उनीहरूसँग नयाँ समतामूलक न्यायपूर्ण समाज निर्माणको कुनै खाका छैन, नयाँ परिवर्तनको जहाँ समाजप्रति जिम्मेवारी बोधको एक अंश पनि छैन, नैतिकता र हृदयाशीलता छैन । त्यस्ता पार्टी सदस्य हजारौँ भएर के हुन्छ ? साह्रोगाह्रोमा त ती हुन्नन् । जस्तो- करोडभन्दा माथि सदस्य भएको सोभियत संघ ढल्यो । ती पार्टी ढल्यो, उठाऊँ भनेर सडकमा आएनन् । राजाको पञ्चायत ढल्यो । पञ्चहरू पञ्चायत बचाउन आएनन् । हिजो बंगालको कम्युनिस्ट पार्टी ढल्यो । अधिकांश सदस्य घोर दक्षिणपन्थी ठानिएको भारतीय जनता पार्टीतर्फ कुदे । अहिले सिपिएम वृद्धहरूको आश्रम बन्न पुगेको छ । अहिले मूलधारको वामपन्थी पार्टी यस्तै अराजनीतिक, मौकापरस्त चम्चाहरूको क्रिडास्थल बन्न पुगेको छ र ऐन मौकामा उनीहरूको पलायन निश्चित छ । पार्टीलाई सत्ताले जोगाउँदैन । कार्कीजीले ठिकै ठम्याउनुभएको छ । सिद्धान्त, कार्यक्रम र आदर्शले आन्दोलन जोगाउँछ ।

०००००

'मार्क्सवाद' धार्मिक ग्रन्थ होइन । यो समाजमा आउने परिवर्तनलाई अलि तेज थप्ने, डिरेल हुन नदिने विज्ञान हो । यो कहींको पनि क्रान्तिको कपी हुन सक्दैन । संसारमा जति पनि कम्युनिस्ट क्रान्ति भए ती सबै एकभन्दा अर्का भिन्न ढंगले भए । रुसको जस्तो चीनमा, चीनमा जस्तो क्युवामा र क्युवामा जस्तो अन्य ल्याटिन अमेरिकी मुलुकमा भएनन् । त्यसैले नेपालले आफ्नो परिवर्तन आफ्नै लय र परिवेशमा गर्नुपर्छ र त्यो अनिवार्य सर्त हो । कम्युनिस्ट विचारधाराले समय र परिवेशअनुसार अनवरत अभ्यासको माग गर्छ । जुन कुरा नेपालमा कम्युनिस्ट नामधारी पार्टीले सत्तामा हुँदा अभ्यास गरेनन् । राम कार्कीले आफ्नो किताबमा औंल्याएझैं नेपाली कम्युनिस्टहरूले सत्ताको विभिन्न अंगहरू, जस्तो- संघ, प्रदेश, गाउँ/नगर र वडा सरकारमा हुँदा कुनै पनि किसिमको जनवादी अभ्यास गरेनन् । अहिले पनि गरिरहेका छैनन् । गाउँ होस् या नगर कम्युनिस्ट पार्टीले असाध्य राम्रो सर्भिस डेलिभरी जनतालाई पुऱ्याएको छ भनेर ब्रान्ड खडा गरेको वा उद्धरण पेस गरेको देखिएको छैन । तर, किताबमा धेरै सैद्धान्तिक वैचारिक आचरणका कुरा भए पनि व्यवहारमा कहीं कतै कुनै पार्टीले पनि अभ्यास गरेका छैनन् ।



राम कार्की 'पार्थ'बाट धेरै अपेक्षा गरिएको थियो । उहाँको किताब निस्किँदै छ भन्दा नयाँ धुमलिँदै, नासिँदै, बदनाम हुँदै गएको माओवादी आन्दोलनमाथि विहंगम दृष्टिकोणसहितको समीक्षा आउला भन्ने यो पंक्तिकारले कल्पना गरेको थियो । किनकि उहाँ धेरै पहिलादेखि माओवादी आन्दोलन र युद्धमा सामेल भएर राप, ताप, ओह्रालो, उकालो, गाह्रो, अप्ठ्यारो भोग्दै आउनुभएको थियो । आज माओवादी उग्लेर सुन होइन रहेछ । जलप त उग्लियो त भन्ने ठाउँमा पुगेको छ । त्यो एकरात, एक दिन वा एक दशकमा अएको होइन । हरेक माओवादी दस्ताबेजमाथि छलफल गर्न भ्याएका, हरेक नेताको आचरण र व्यवहार देखेका भोगेका नाताले कामरेड पार्थले उनीहरूका अप्रकाशित वा प्रकाशित दस्ताबेजमाथि सैद्धान्तिक र सांस्कृतिक पक्ष केलाएर त्रुटिहरू केलाएर नयाँ पिँढीलाई नयाँ उज्यालो दिन सक्नुहुन्थ्यो । त्यो अपेक्षा आशाअनुरूप देखापरेन । यद्यपि उहाँको यो किताब वामपन्थी आन्दोलनलाई गति दिन सहयोग नै पुग्छ । उहाँले अपेक्षा गरेका १२-१५ दर्जनले मात्र होइन, हजारौँले गहनतासाथ अध्ययन गर्छन् भन्ने अपेक्षा गर्न सकिन्छ ।

उहाँले प्रश्न उठाउनुभएको छ । केही ठाउँमा बाबुराम, वैद्य र प्रचण्डलाई घोचपेच गर्न पनि पछि पर्नुभएको छैन । तर, प्रणालीगत हिसाबले उहाँहरूको विचार र आचरणमाथि जसले नेपाली माओवादी आन्दोलनलाई धराशयी तुल्याए, तुल्याइरहेछन् । लगभग नेपालको कम्युनिस्ट आन्दोलन रोमानियाका अन्तिम कम्युनिस्ट तानाशाहकै पथमा हुत्याइरहेका छन् । त्यसमाथि सैद्धान्तिक वैचारिक रूपमा खरो ढंगले प्रकाश पार्न सक्नुपर्थ्यो । उहाँले गर्न सक्नुहुन्थ्यो तर गर्नुभएन । सायद उहाँमा पुरानो धड्धडेले साथ छोडेको छैन ।

> अहिलेसम्म वामपन्थीहरूले गरेको बलिदान खेर जाने मात्र होइन, भयानक दक्षिणपन्थी फासीवादको उदय हुन सक्ने सम्भावनालाई नकार्न सकिन्न । यस्तो अवस्थामा नेपाली कम्युनिस्ट वामपन्थको समीक्षात्मक विवेचना गरिएको कामरेड राम कार्की 'पार्थ'को नयाँ पुस्तक बजारमा आएको छ ।

नयाँ पुस्ता पुरानै कोखबाट जन्मने हो । हरेक आन्दोलन, परिवर्तन र क्रान्तिको भ्रूण आकाशबाट टप्किने होइन । पुरानै समाजमा नयाँ विकसित हुने हो । तर, त्यसका लागि पुरानालाई निषेध गरेर अगाडि बढ्न नयाँ आँट र नयाँ साहस (सायद दुस्साहस) आवश्यक पर्छ । माओवादीभित्र मात्र होइन, नेपालका अन्य कम्युनिस्ट पार्टीभित्र पनि नयाँ आवश्यकताबारे दुस्साहस गर्न हिम्मत गर्नेहरूको अभाव छ । यसको अर्थ नेपाली वामपन्थमा अझै नयाँ-नयाँ युटोपियामाथि विमर्श हुन बाँकी छ । नयाँ संगठित जमर्को गर्नेहरूको जमात खडा हुन बाँकी छ । राम कार्की पार्थलाई यो सँगालोका लागि हार्दिक धन्यवाद । खास गरेर 'विकल्प'को भ्रूण रोप्न आँट गर्नुभएकोमा ।

सेनजेनको उचाइ र जुहाईको गति

पिनगानको ११६ तलामा पुगेपछि मैले हाम्रो देशको नौतले धरहरा सम्झिएँ





कृष्ण रिजाल
mekrijal@gmail.com

संस्मरण

उचाइमा पुग्दा जति डराउँछु, त्यति नै रोमाञ्चित पनि हुन्छु । उचाइ मेरा लागि रोमाञ्च र डरको संगम हो । विश्वको चौथो र चीनको दोस्रो ठूलो भवन पिनगान (पिङ एन इन्टरनेसनल फाइनान्स सेन्टर)को ११६औँ तलामा पुग्दा म जति डराएको थिएँ, त्यति नै रोमाञ्चित पनि भएँ ।

पिनगानको ११६ तलामा पुगेपछि मैले हाम्रो देशको नौतले धरहरा सम्झिएँ । २०७२ को भूकम्प आउनुअघि धरहराबाट गौरीशंकर हिमाल नियाल्दा पनि म उत्तिकै रोमाञ्चित भएको थिएँ, जति पिनगानबाट सेनजेन सहर नियाल्दा भएँ । धरहराबाट तल भुइँमा हेर्दा म जति डराएको थिएँ, त्यति नै डर पिनगानबाट भुइँमा हेर्दा पनि लाग्यो ।

जम्मा ४० वर्षे इतिहास मात्रै बोकेको चीनको सेनजेन सहरमा पिनगानजस्ता सयौँ गगनचुम्बी भवन बनेका छन्, बनिरहेका छन् । सेनजेनमा बनेका र बन्दै गरेका अग्ला-अग्ला भवनले आकाश छुने प्रतिस्पर्धा गरिरहेका छन् जस्तो लाग्छ । आना एक चिनियाँ गाइड, जसले हामीलाई सेनजेन घुमाउने क्रममा पिनगानमा पुऱ्याइन् ।

करिब तीन साताअघि चीन घुम्ने अवसर प्राप्त भयो । यो अवसर चिनियाँ कम्पनी बिवाइडीले जुराइदिएको थियो । पछिल्लो समय विद्युतीय सवारीसाधन (इभी) र त्यसका लागि चाहिने ब्याट्री उत्पादनमा विश्वबजारमा स्थापित कम्पनी हो बिवाइडी । उसले हामीलाई आफ्नो विरासत देखाउन सेनजेन लगेको थियो ।

चीन भ्रमणका क्रममा मैले गगनचुम्बी महलका उचाइ देखेँ । सेनजेन सहरले गरेको विकासको उचाइ महसुस गरेँ । अनि, बिवाइडी र हुवायजस्ता ठुल्ठूला चिनियाँ कम्पनीले प्राप्त गरेको सफलताको उचाइ हेर्दै । भवनहरू एउटा उचाइमा अडिएका छन् । तर, सेनजेनको विकासको उचाइ गतिवान देखिन्छ । बिवाइडी र हुवायजस्ता बहुराष्ट्रिय कम्पनीको उचाइले पनि गति लिइरहेकै छ । यी उचाइ चीनको उचाइ हो । आधा शताब्दी इतिहाससमेत पूरा नभएको सेनेजेन सहरलाई मात्रै हेरेर पनि भन्न सकिन्छ, चीनले संरचनागत विकासमा विश्वलाई उछिन्न खोजिरहेको छ । यो छोटो अवधिमै सेनजेनले आफूलाई प्रविधि, अनुसन्धान, उत्पादन र आर्थिक-व्यापारिक, वित्त, पर्यटन र यातायातमा विश्वकै 'हब'का रूपमा विकास गरिरहेको छ । पछिल्लो समय प्रविधि, नवप्रवर्तन (इन्नोभेसन), अनुसन्धान (रिसर्च) र सिर्जना (क्रियसन)मा समेत चीनले नयाँ-नयाँ उचाइ लिइरहेकै छ । चीनले विकास गरेको सिक्स जी प्रविधि, रोबर्टिक्स, उच्च गतिका रेल, विद्युतीय कारलगायतलाई उदाहरण मान्न सकिन्छ । त्यसको एउटा उदाहरण बिवाइडी कम्पनीले विश्वबजारमा दर्ता गरेको १३ हजारभन्दा बढी पेटेन्ट राइट (बौद्धिक सम्पत्तिको अधिकार) लाई पनि लिन सकिन्छ ।

दक्षिण चीनको गंउडडङ प्रदेशमा रहेको सेनजेन सन् १९७९ अघिसम्म पनि एउटा सामान्य गाउँ रहेछ । 'हडकङसँग जोडिएको एउटा चिनियाँ गाउँ, जहाँका मान्छे माछा मारेर गुजारा चलाउँथे । त्यसवेला सेनजेनको परिचय यस्तै थियो,' आना भन्छिन्, 'फिसिङ भिलेज भनिन्थ्यो, मानिसहरू पनि गरिब थिए, त्यसवेला सेनजेनमा करिब ३०-३५ हजार हाराहारी जनसंख्या थियो ।' सन् १०८० मा चीनले सेनजेनलाई विशेष आर्थिक क्षेत्र घोषणा गर्दै विदेशी लगानीका लागि खुला गऱ्यो । सोहीअनुसार ठुल्ठूला पूर्वाधार निर्माण अघि बढायो । यो चालीस वर्षमा सेनजेनको परिचय बदलियो । अहिले चीनको तेस्रो ठूलो सहर भइसकेको छ । यो अत्याधुनिक सहरमा झन्डै दुई करोड जनसंख्या पुगिसकेको छ । सेनजेनलाई प्रविधिको सहर पनि भनिन्छ । ६ खर्ब अमेरिकी डलरबराबरको कुल गार्हस्थ उत्पादन (जिडिपी) पुगिसकेको सेनजेन विश्वका २० धनी सहरको सूचीमा अटाउने आनाले सुनाइन् ।

पिनगानको उचाइमै फर्कौं । सामान्य प्रक्रिया पूरा गरेपछि हामीलाई त्यहाँ कार्यरत कर्मचारीले प्रतिसेकेन्ड १० मिटरको गति रहेको लिफ्टबाट पिनगानको ११६औँ तलामा पुऱ्याए । पिनगान टावरबाट हामीले सेनजेनको अधिकांश भाग हेर्‍यौँ । सेनजेन मात्रै होइन, हङकङलाई समेत पिनगानबाटै देख्यौँ । पिनगानको उचाइ एक हजार नौ सय ६६ फिट छ । सय तलासम्म विभिन्न कार्यालय छन्, होटल छ र बिक्री केन्द्र छन् । करिब १५ हजारभन्दा बढी मानिस अटाउने सभाहल छ । सन् २०१० मा सुरु गरिएको पिनगानको निर्माण सन् २०१७ मा सम्पन्न भएको थियो ।

चीनमा पुग्दा अर्को पनि उचाइ हेर्ने अवसर पाएँ- बिवाइडीको उचाइ, जसले विश्वको प्रविधि र अटोमोबाइल बजारमा आफूलाई एउटा नयाँ उचाइमा लाने प्रयास गरिरहेको छ । सन् १९९५ मा स्थापना भएको बिवाइडीसँग ६ देशमा ३० वटा औद्योगिक पार्क छन्, जहाँ विद्युतीय सामग्री, अटोमोबाइल, नवीकरणीय ऊर्जा र रेलवे ट्रान्जिट उत्पादन हुन्छन् । अहिले बिवाइडीको वार्षिक कारोबार दुई खर्ब आरएमबी (३६ खर्ब नेपाली रुपैयाँ) हाराहारी पुगिसकेको छ । बिवाइडीले ५० लाख विद्युतीय सवारीसाधन उत्पादन गरेर विश्व रेकर्ड बनाइसकेको छ । बिआइडीले विश्वबजार आफ्नो पाइला राखेको करिब डेढ दशक भएको छ । खासगरी विद्युतीय बस र ट्याक्सीमार्फत सन् २०१० मा बिवाइडी विश्वबजारमा प्रवेश गरेको हो । यसबीचमा ७० देशका चार सयभन्दा बढी सहरमा बिवाइडीको विद्युतीय सार्वजनिक यातायात सञ्चालनमा छन् । ५४ देशमा बिवाइडीको विद्युतीय कार पुगिसकेको छ । आफ्नो विश्वव्यापी सञ्जाललाई बिवाइडीले क्रमशः अघि बढाइरहेको छ । नेपालमा पनि बिवाइडीका विद्युतीय कार धेरै रुचाइनेमध्येमा पर्छ ।

जुहाईको गति

चीन भ्रमणको दोस्रो दिन आनाले हामीलाई सुनाइन्, 'तपाईंहरू अहिले जुहाईमा हुनुहुन्छ, यो चीनको सानो सहर हो ।' आनाले सानो भनेको जुहाई सहर काठमाडौंको तुलनामा भने निकै ठूलो रहेछ । 'साउथ चाइना सी' समुद्रसँग जोडिएको जुहाई शान्त, खुला क्षेत्र र टापुका लागि चर्चित छ । एक हजार सात सय वर्गकिलोमिटरमा फैलिएको जुहाईमा पनि अहिले गगनचुम्बी महल बनिरहेका छन् । मकाउसँग जोडिएको जुहाईको विकासको गति पनि लोभलाग्दो नै रहेछ ।

> करिब पाँच दिनको चीन भ्रमणका क्रममा मैले उचाइ र गतिको अनुभव बटुर्लें, जहाँ डर र रोमान्स दुवै थियो । सेनजेन र जुहाई सहरको भ्रमणपछि मनमा एउटा प्रश्न भने खेलिरह्यो, 'नेपालले विकासको त्यस्तै गति र उचाइ कहिले लिन सक्ला ?'

जुहाई सहर भ्रमणका क्रममा बिवाइडीले हामीलाई जुहाई इन्टरनेसनल सर्किटमा कार कुदाउने अवसर दिलायो । गति रुचाउनेहरूलाई इन्टरनेसनल सर्किटमा कार कुदाउन पाउनु ठूलो अवसर थियो । मोटर रेसिङ टिभीमा मात्रै देखेको म पनि 'रेसिङ स्पट'मा पुग्दा उत्साहित नहुने कुरै भएन ।

जुहाई इन्टरनेसनल सर्किटमा बिवाइडीको सिल नामक विद्युतीय कार चलाउने अवसर मिल्यो । सिल नेपालमा सार्वजनिक भइसकेको छैन । अन्तर्राष्ट्रिय बजारमा भने यसलाई खुब रुचाइएको छ । प्रशिक्षकले सुरुमा हामीलाई सर्किटमा कार कसरी चलाउने भनेर सिकाए । सुरुमा प्रशिक्षकसहित र त्यसपछि एक्लाएक्लै कार कुदाइयो । त्यसपछि सुरु भयो 'रेसिङ' । उचाइसँग डराउने भएकाले अन्तर्राष्ट्रिय सर्किटमा 'रेसिङ' भावनाअनुसार कार कुदाउन सकिनँ । विडम्बना नै मान्नुपर्छ, 'रेसिङ'को समयमा मैले चलाएको कार सबैभन्दा अगाडि परेछ । त्यसैले मभन्दा पछाडि रहेका कार मेरै गतिअनुसार मात्रै चल्ने भए । गतिसँग डराउने मैले जम्माजम्मी प्रतिघन्टा ११५ किलोमिटरको दरमा मात्रै कुदाएँ । मेरै कारण साथीहरूले पनि प्रतिघन्टा एक सय ३०-४०को गतिमा मात्रै कार कुदाए । सर्किटमा आएर पनि पूर्ण गतिमा कार कुदाउन नपाएकामा साथीहरूमा असन्तुष्टि थियो, जुन स्वाभाविक पनि हो । त्यसपछि हामीले आयोजकलाई आग्रह गर्‍यौं र साथीहरूले पुनः रेसिङमा सहभागी हुन पाए । त्यसवेला भने साथीहरूले प्रतिघन्टा १९० किलोमिटरको गतिमा समेत कार कुदाए ।

भनिन्छ- कुनै पनि सहरको विकास त्यहाँ कुद्ने सवारीसाधनको गतिले निर्धारण गर्छ । जहाँ निर्बाध सवारीसाधन कुद्न पाउँछन्, जाम हुँदैन, त्यहाँको आर्थिक विकासको गति उच्च हुन्छ । जुहाईमा रहेका फराकिला सडक, अन्डरपास, फ्लाई ओभर र सुरुङमार्गले त्यहाँ चल्ने सवारीसाधनको गतिलाई बढाएका छन् । अपवाद र सामान्यबाहेक सडकमा जाम देखिँदैनन् । जुहाईका सवारीसाधनको गति जसरी उच्च छ, जुहाईको आर्थिक विकास पनि उस्तै गतिवान् देखिन्छ ।

करिब पाँच दिनको चीन भ्रमणका क्रममा मैले उचाइ र गतिको अनुभव बटुर्लें, जहाँ डर र रोमान्स दुवै थियो । सेनजेन र जुहाई सहरको भ्रमणपछि मनमा एउटा प्रश्न भने खेलिरह्यो, 'नेपालले विकासको त्यस्तै गति र उचाइ कहिले लिन सक्ला ?'

आधुनिक राजनीतिक शक्तिको क्रमिक विकास

अर्थतन्त्रले सम्भ्रान्त वर्गलाई होइन, आमनागरिकलाई पुरस्कृत गरेर अघि बढे मात्र व्यवस्थामा नयाँ उत्साह देखिनेछ





जोनाथन इरा लेवी

विश्व

शक्तिको अवस्थिति कहाँ हुन्छ त्यो सधैँ स्पष्ट हुँदैन । सन् १९९८ मा अमेरिकी राष्ट्रपति बिल क्लिन्टन विश्वका सबैभन्दा शक्तिशाली व्यक्तिमध्ये एक थिए । शीतयुद्धमा विजय हासिल गरेकाले फ्रान्सका विदेशमन्त्री हुबर्ट भेड्रिनले संयुक्तराज्य अमेरिका 'हाइपरप्युसेन्स' अर्थात् कठोर र नरम शक्ति दुवैको हिसाबमा महाशक्ति बनेको बताए । मोनिका लेविन्स्कीकाण्डका बाबजुद अमेरिकाको 'नयाँ अर्थ व्यवस्था' गर्जनसहित रफ्तारमा थियो । क्लिन्टन सन् १९९६ को निर्वाचनमा पुनः उत्साहजनक जित हासिल गरेर उत्कर्षमा थिए । अमेरिका नेतृत्वको भूमण्डलीकरण र प्रतिनिधिमूलक लोकतन्त्र दुवै रफ्तारमा थियो ।

वित्तीय पुँजीको सीमापार गतिशीलतामा वृद्धि सन् १९९० को दशकको उत्तरार्द्धमा नवउदारवादी भूमण्डलीकरणको एउटा केन्द्रीय विशेषता थियो । सन् १९९७ मा पूर्वी एसियाका थुप्रै अर्थतन्त्रबाट यस्ता 'हट मनी (पैसा)' पलायन हुँदा त्यसले विश्वव्यापी वित्तीय संकट निम्त्यायो । क्लिन्टन जी-७ को बैठक बोलाएर दोस्रो विश्वयुद्धको अन्त्यदेखि नै विश्वको वित्तीय पुँजीको राष्ट्रिय नियमन गरिरहेको अन्तर्राष्ट्रिय मौद्रिक प्रणालीलाई सघाउन 'ब्रिटन वुड्स द्वितीय'को निर्माणबारे विमर्श गर्दै थिए । क्लिन्टन एउटा नयाँ विश्वव्यापी केन्द्रीय बैंक सिर्जनाको सम्भावनासमेत स्वीकार गरिरहेका थिए ।

तर, जब उनले आफ्ना निकटतम आर्थिक सल्लाहकारद्वय आफ्ना वित्तमन्त्री रोबर्ट रुबिन र उनका सहायक लरेन्स एच सुमर्ससँग यी परिवर्तनकामी अवधारणबारे कुरा गरे, उनीहरूले त्यसमा सहमति दिएनन् । इतिहासकार नेल्सन लिचेन्स्टाइन र जुडिथ स्टेनले 'अ फ्याबुलस फेलियर : द क्लिन्टन प्रेसिडेन्सी एन्ड द ट्रान्सफर्मेसन अफ अमेरिकन क्यापिटालिजम' नामक पुस्तकमा क्लिन्टनले 'नयाँ अन्तर्राष्ट्रिय सम्झौताको कुनै पनि संस्करणका लागि कोही पनि समर्थक फेला पारेनन्' भनेर लेखेका छन् । यो विषय यत्तिकै सेलाएपछि राष्ट्रपतिको प्रगतिशील झुकावले अमेरिकाको अर्थ मन्त्रालय र यसका सहयोगीहरूको तर्फबाट परिचालित सम्पूर्ण वैचारिक एवं संगठनात्मक शक्तिलाई नवउदारवाद अघि बढाउने मार्ग खोलिदियो ।

लहरको विपरीत

क्लिन्टनको प्रगतिशील झुकाव सही नै थियो, तर उनी नवउदारवादी ज्वारभाटाविरुद्ध पौडिरहेका थिए । सन् १९९३ मा सत्तामा आएपछि पहिले उनले राज्य सञ्चालित 'औद्योगिक नीति' र स्वास्थ्य सेवामा सर्वव्यापी पहुँचको वकालत गरे । तर, यी दुवै पहल असफल भएपछि भने विश्वभरका अन्य धेरै नेताहरूलाई सामेल गरेर बजारवाद (मार्केट फन्डामेन्टालिजम)तर्फको दौड अँगाले । यसको अर्थ उद्योगहरू (दूरसञ्चारदेखि वित्तसम्म)लाई नियमनमुक्त गर्नु, कडा कल्याणकारी सुधार लागू गर्नु र खुला बजारका मूल्य मान्यतालाई अँगाल्नु थियो ।

यसका वास्तविक सूत्रधार को थियो त ? के त्यो व्यक्ति गोल्डम्यान स्यासका पूर्वलगानीकर्ता रुबिन थिए वा हार्वर्ड विश्वविद्यालयका पूर्वअर्थशास्त्री सुमर्स ? अथवा सबैलाई युगधाराले पो डोऱ्याएको थियो कि ? यी प्रश्नहरू ऐतिहासिक चासोका विषय मात्र होइनन् । २० औँ शताब्दीको अन्त्यताका अर्थतन्त्रमाथिको नियन्त्रण त्यागेका संसारभरका सरकारहरू अहिले पुनः नियन्त्रण स्थापना गर्नेतर्फ अभिमुख भइरहेका छन् । यद्यपि, यो परिणतिलाई २५ वर्षअघिको जस्तो सत्तासीन नेताहरूको स्वाभाविक राजनीतिक प्रवृत्ति(झुकाव)मा मात्र सीमित गर्न भने सकिँदैन ।

लिचेन्स्टाइन र स्टेनको पुस्तकले यसलाई कोदालोका रूपमा चित्रण गर्छ, तर हार्वर्डका इतिहासकार चार्ल्स एस. माएको 'द प्रोजेक्ट-स्टेट एन्ड इट्स राइभल्स : अ न्यु हिस्ट्री अफ द ट्वान्टिथ एन्ड ट्वान्टी-फस्ट सेन्चुरिज'ले क्लिन्टन-युगको नवउदारवादी भूमण्डलीकरणको उच्च ज्वारभाटापछि के गलत भयो भनेर माथिबाट सर्वेक्षण गर्छ । क्लिन्टनको आशा जगाउने राजनीतिका विपरीत आजको राजनीतिक मनोदशाको जरा डरमा गढेको छ । 'गर्जँदो ९० को दशक (रोअरिङ नाइन्टिज)'बाट राजनीतिको यो चक्का पपुलिस्ट अधिनायकवाद अर्थात् 'लोकतन्त्रको क्षयीकरण' र अहिले सन् २०२०को दशकमा विश्वासको व्यापक संकटतर्फ कसरी यति छिटो मोडियो त ?

आधुनिक राज्य

यस प्रश्नको जवाफ दिन मायर आफ्नो 'प्रोजेक्ट-स्टेट'को नवीन अवधारणा प्रस्तुत गर्छन् । उनको यो अवधारणाले एक सार्वभौम एकाइलाई बुझाउँछ, जसले समाजलाई ठूला लक्ष्यहरूको पछाडि परिचालन गर्ने शक्ति राखेको हुन्छ । प्रोजेक्ट-स्टेट क्रान्तिको युग १८औँ शताब्दीदेखि नै देखापरेको हो, तर विश्वयुद्धको युगसम्म पनि पूर्णरूपमा आकारमा भने आइसकेको थिएन ।

युद्धहरू जित्नु, महामन्दीसँग जुध्नु, समाजवादी लोकतान्त्रिक कल्याणकारी राज्यहरूको निर्माण गर्नु अनि अ-औपनिवेशीकरण र आर्थिक विकासलाई पछ्याउनु सबै नै ठूला सामाजिक परियोजनाका उदाहरण हुन् । राज्यहरूले भूबनोट परिवर्तन गरे, दलदल सफा गरेर भीमकाय बाँध, बन्दरगाह र राजमार्गजस्ता विशाल पूर्वाधार निर्माण गरे । साथै, उनीहरूले शिक्षित बनाउँदै, खोप दिँदै, बन्ध्याकरण र केही अवस्थामा सखाप गरेरसमेत जनसांख्यिकीलाई बदल्ने प्रयास पनि गरे ।

चाहे उनीहरूले हिंसात्मक रूपमा वा अन्य माध्यमबाट मानिस र स्रोतहरू परिचालन गरेका हुन् नयाँ प्रोजेक्ट-स्टेटहरूलाई उनीहरूको पछाडि प्रतिबद्ध 'जनता' आवश्यक थिए । तसर्थ, आवश्यक जनसमर्थन जुटाउन प्रोजेक्ट-स्टेट हिटलर, स्टालिन, माओ, चार्ल्स डी गा'ल वा जवाहरलाल नेहरूजस्ता एकल क्यारिज्म्याटिक राजनीतिक नेताको शरण पऱ्यो । र, तिनले राजनीतिक दलका संगठनमार्फत जनसमर्थन जुटाइदिए ।

हुन त, मायरको शीर्षकले औल्याएझैँ, प्रोजेक्ट-स्टेटका प्रतिस्पर्धी पनि थिए । यी प्रतिस्पर्धीमा १९औँ शताब्दीको युरोपेली उपनिवेशवादका रहलपहल 'आर्थिक साम्राज्य(रिसोर्स एम्पायर्स)' तथा गैरराज्य 'शासन'का विभिन्न स्रोत एवं गैरसरकारी संस्था, प्रतिष्ठान, विश्वविद्यालय र संयुक्तराष्ट्र संघजस्ता दाह्रा-नंग्राविहीन अन्तर्राष्ट्रिय संस्थालगायत शासनका विज्ञहरू पनि पर्छन् । यद्यपि, मायरले अहिलेसम्मको सबैभन्दा शक्तिशाली प्रतिद्वन्द्वीचाहिँ 'पुँजीको अन्तर्राष्ट्रिय जालो (वेब अफ क्यापिटल)' हो भनेका छन् ।

प्रोजेक्ट-स्टेट र यसका प्रतिद्वन्द्वी प्रत्येकको आ-आफ्नै तर्क र चासो छन् । तर, आधारका लागि सबै एकअर्कामा निर्भर पनि छन् । प्रोजेक्ट-स्टेटले सन् १९४५ पछिको सामाजिक लोकतन्त्रको मोडेल सस्तो तेलले टिकेको थियो भनेर रिसोर्स एम्पाएर (आर्थिक साम्राज्य)लाई तर्क बनाउँछ । यसैगरी, वेब अफ क्यापिटललाई पनि कहिलेकाहीँ नयाँ बजार खोल्न राज्य आवश्यक पर्छ । अन्य समय, यसले राज्यहरूलाई के-कसो गर्ने भनेर अह्राउँछ ।

प्रोजेक्ट-स्टेटले शासनबाट ज्ञान र विशेषज्ञता हासिल गर्छ भने शासनले बल प्रयोगको प्राधिकार प्रोजेक्ट-स्टेटबाट प्राप्त गर्छ, परोपकारको धन पुँजीको जालोबाट आकर्षित गर्छ ।

कहिलेकाहीँ, यी प्रतिद्वन्द्वीहरू एकअर्काविरुद्ध उत्रिन्छन् र तनाव पनि सिर्जना गर्छन् । अन्य समय, तिनका मोडेलहरू मिलेर सहअस्तित्वमा रहन्छन् । यसलाई मायर 'कानुनको स्थिरता' वा खेलको राजनीतिक-आर्थिक नियममा व्यापक 'सामाजिक-राजनीतिक सहमति' भन्छन् । मायरले सहमतिका दुई यस्ता क्षण रहेकोमा जोड दिन्छन्- प्रोजेक्ट-स्टेटका विभिन्न संस्करण बहाल रहेको द्वितीय विश्वयुद्धपछिका दशकमा र नवउदारवादले कानुनको भावनालाई निस्तेज पारेको सन् १९८० पछिका दशकहरूमा । आज, परिस्थिति तरल र अनिश्चित छ, तर कुनै नयाँ व्यवस्था देखापर्ने सम्भावना भने देखिन्छ ।

> २०औँ शताब्दीको प्रारम्भमा ठूला नोकरशाही राज्यहरूको उदयदेखि पछिल्लो समयमा नवउदारवादको विजयसम्म, शासनका मोडेलमा आएको परिवर्तनलाई तत्कालीन सत्तासीनहरूको स्वाभाविक राजनीतिक प्रवृत्तिमा मात्र सीमित गर्न सकिँदैन । यसमा धेरै ठूला र सूक्ष्म गतिशीलताले काम गरेको छ ।

कहाँ गए ती परियोजना ?

(प्रोजेक्ट-स्टेट, पुँजी, साम्राज्यवादका नयाँ स्वरूप, गैरसरकारी शासकीय संस्था) यी चार प्रतिद्वन्द्वीहरूबीचको बहुपक्षीय सम्बन्धका कारण मायरको इतिहास सधैँ सुगम्य लाग्दैन । तर, यो असाधारण रूपले विद्वत्तापूर्ण र अन्तरदृष्टिले भरिपूर्ण छ । यसले धेरैजसो ध्यान युरोप र अमेरिकामा केन्द्रित गरेको भए पनि, दायरा विश्वव्यापी छ ।

मायरको भाष्य २०औँ शताब्दीको पूर्वार्धारबाट सुरु हुन्छ, जतिवेला पहिले पूर्ण युद्ध र त्यसपछि महामन्दीले प्रोजेक्ट-स्टेटलाई मलजल प्रदान गरेको थियो । शीतयुद्धको सुरुवातसँगै अधिकांश विद्वान्हरूले राज्यलाई शासनको प्रकारका आधारमा उदार लोकतन्त्र र तिनका अधिन(ायकवादी र सर्वसत्तावादी प्रतिद्वन्द्वीमा वर्गीकरण गर्न थाले । मायर फ्रयांकलिन डी. रुजवेल्टको अमेरिकालाई हिटलरको जर्मनीसँग तुलना गर्न केही नैतिक असहजता भएको बत(उँछन् । यो विधि अपनाएर उनले २०औँ शताब्दीको दौरान विभिन्न प्रोजेक्ट-स्टेटहरूको कसरी उदय र पतन भयो भनेर नक्सांकन गरेका छन् । फासीवादको पतन दोस्रो विश्वयुद्धको अवधिमा भयो भने त्यसको तीन दशकपछि सामाजिक लोकतन्त्र र विकासवाद पतन भए । त्यसको एक दशकपछि साम्यवादको पतन भयो । प्रोजेक्ट-स्टेट तबदेखि आफ्नो पूर्वसंस्करणको केवल एउटा खोल मात्र भएको छ ।

सन् १९७० को दशकमा सामाजिक-लोकतान्त्रिक प्रोजेक्ट-स्टेट किन धराशायी भयो ? यसका केही कारण आकस्मिक थिए । सस्तो तेलको युगले बलियो बनेका पुराना रिसोर्स एम्पाएर ओपेकका झट्काबाट दुर्घटनाग्रस्त भए । मायर ऐतिहासिक विवरण पछ्याउँदै, मूल्य मुद्रास्फीति कसरी सामाजिक लोकतन्त्रमा विश्वासको व्यापक संकटको प्रतिबिम्ब र चालक दुवै थियो भनेर देखाउन निकै पृष्ठ खर्चिन्छन् । साथै, उनी प्रोजेक्ट-स्टेटहरू आफ्नै सफलताको सिकार भएको बताउँछन् । केहीले विश्वयुद्ध जिते पनि । आधारभूत संस्थाहरूको स्थापनापश्चात् कल्याणकारी राज्यहरूको निर्माण पनि भयो, तर यी कुरा अब अतित भइसकेका छन् । ब्राजिल वा सोभियत रुसको औद्योगीकरण र आजको ग्लोबल साउथको अधिकांश भागमा कृषिमा हरित क्रान्तिजस्ता आर्थिक विकासका राष्ट्रिय परियोजनाका हकमा पनि यस्तै भयो ।

यी सबै कुरा पूरा भएको भए के हुने थियो त ? प्रोजेक्ट-स्टेटहरूलाई फस्टाउन परियोजना चाहिन्छन् । ती जति भव्य भए उति राम्रो । कुशलतापूर्वक हुलाक सेवा सञ्चालन गर्नु, कर संकलन गर्नु वा राष्ट्रिय दन्त-बिमाका कार्यक्रम सञ्चालन गर्नु मात्र प्रोजेक्ट-स्टेटको वैधता र गतिलाई कायम राख्न पर्याप्त हुँदैन । र, यस अनिवार्यतालाई पूरा गर्न सक्ने परियोजनाका प्रकार अनिवार्य रूपमा सीमित छन् । यिनलाई ठूलो ऊर्जा र व्यापक प्रतिबद्धताहरू आवश्यक पर्छन्, तर तिनीले चाँडै आफ्नो बाटो बिराउँछन् ।

पुँजीको विजय

यसरी, सन् १९८० पछि प्रोजेक्ट-स्टेट पछाडि हट्यो र गैरराज्य शासन (नन्-स्टेट गभर्नेन्स) र पुँजीको अन्तर्राष्ट्रिय जालो अगाडि आयो । मायरले भनेझैँ पुँजीको जालोले मुद्रास्फीतिको संकट समाधान गऱ्यो भने राज्य र घरपरिवारलाई समान रूपमा ऋण तानेर नयाँ राजनीतिक-आर्थिक व्यवस्था सिर्जना गऱ्यो ।

जे होस्, सन् १९९० को दशकको अन्तसम्ममा पुँजीले विजय हासिल गरिसकेको थियो र कानुनको नयाँ नवउदारवादी भावनालाई आफूमा सम्मिलित गरिसकेको थियो । नवउदारवादको लक्ष्य यसका पक्षधरले भनेझैँ बजारको पहुँच विस्तार गर्नु थिएन । यो त आयको वितरणलाई श्रमबाट पुँजीमा स्थानान्तरण गर्न उद्यत थियो । उसले यो कुनै पनि तरिकाले गर्नुपर्ने थियो । कहिले यसको लागि नियमन त कहिले राज्यको हस्तक्षेप हटाउन आवश्यक पऱ्यो । यसका लागि अक्सर राज्यशक्तिको प्रयोग विशेषगरी अमेरिकाको शक्ति र हार्वर्डका विज्ञका सिफारिसहरूले प्रदान गरेका वैधताको आवश्यकता पऱ्यो ।

अन्ततः मायर सन् १९९० को दशकको अन्त्यसम्ममा नवउदारवादको विजय अतिशयोक्तिपूर्ण रूपले निर्धारित भइसकेको र क्लिन्टनको प्रगतिशीलताले नीतिलाई प्रभावित गर्ने मौका दिएको बताउँछन् । यहाँनेर लिचेन्स्टाइन र स्टेनको बुझाइ उपयोगी हुन्छ । क्रमैसँग विवरण पस्किँदै उनीहरूले क्लिन्टनको प्रगतिवाद आठ वर्षको कार्यकालका दौरान क्लिन्टनको नवउदारवादमा कसरी रूपान्तरित भयो भन्ने देखाएका छन् ।

जब कि रुबिनको पछाडि वेब अफ क्यापिटल थियो, सुमर्सले आफ्नो प्राज्ञिक प्राधिकारबाट सेवा गरे । तर, यति नै महत्त्वपूर्ण कुरा, क्लिन्टन, जो उत्कृष्ट राजनीतिज्ञ थिए, उनीसँग कुनै ठूलो परियोजना थिएन । 'हाम्रो उद्देश्य सरकारलाई आफ्नै ज्यादतीबाट बचाउनु हो ताकि यो फेरि प्रगतिशील शक्ति बन्न सकोस्,' सन् १९९८ मा उनले भनेका थिए । तर, उनको कालखण्ड नै प्रोजेक्ट-स्टेटका लागि सबैभन्दा प्रतिकूल भयो । लिचेन्स्टाइन र स्टेन नवउदारवादीहरूले खुलिसकेको ढोका ढकढक्याइरहेको बताउँछन् । क्लिन्टन अमेरिकी प्रोजेक्ट-स्टेटलाई परित्याग गर्न तयारै थिए । दोस्रो विश्वयुद्धपछिको सामाजिक-लोकतान्त्रिक भावनाले शीतयुद्धको 'राष्ट्रिय सुरक्षा'प्रतिको सनकलाई मार्गप्रशस्त गर्न धेरै समय नलागेको मायर पनि स्विकार्छन् । परियोजनामा आएको त्यो परिवर्तनले अमेरिकी राजनीतिमा वामपन्थीहरूको विशेषगरी श्रमिक आन्दोलनलगायतको प्रभावलाई नराम्ररी परिसीमित गरिदियो ।

क्लिन्टन स्वयं ट्रेड युनियनहरूप्रति कुनै प्रतिबद्ध व्यक्ति थिएनन् । उनी अर्कान्सासको विपन्न क्षेत्रबाट उदाएका थिए जुन प्रोजेक्ट-स्टेटद्वारा लगभग अछुत थियो र जुनपछि विश्वव्यापी नवउदारवादी निगमको उत्कृष्ट नमुना 'वालमार्ट'को मुख्यालय बन्यो । पदमा छँदा उनी र उनका सबैभन्दा 'वामपन्थी' सल्लाहकारले समेत श्रमसँग दूरी कायम राख्थे । यसैलाई लिचेन्स्टाइन र स्टेनको शीर्षकले 'सानदार असफलता' भनेको हो ।

पक्कै पनि, सहस्राब्दीको अन्त्यताका क्लिन्टनको राष्ट्रपतीय कार्यकाल निकै सफल भएजस्तो देखिन्थ्यो । आखिर, हरेक अमेरिकी आर्थिक परिसूचकमाथि नै थिए, सहरमा पुँजीवादको अमेरिकी मोडेलको एकछत्र हालीमुहाली थियो । तर, लिचेन्स्टाइन र स्टेनको कथनमा क्लिन्टन 'भ्रम'मा थिए । उनले पुँजीको जालोलाई उसकै उपकरणका भरमा छोडियो भने यसले कुनै न कुनै तरिकाले प्रगतिशील उद्देश्य पूरा गर्ने ठाने । मायर क्लिन्टनको तेस्रो मार्ग सेन्टर लेफ्ट नवउदारवाद सुरुदेखि नै 'जादुई सोच'मा आधारित रहेको बताउँछन् ।

सन् १९९० को दशकको उत्तरार्द्धमा नै यो मोडेलमा दरार देखापरिसकेको थियो । पूर्वी एसियाको आर्थिक संकटपछि सन् १९९९ मा सियाटलमा भएको विश्वव्यापार संगठनको बैठकमा व्यापक विरोध प्रदर्शन भयो । त्यसपछि सन् २००८ को आर्थिक संकट आयो, जसलाई मायर पछिल्लो इतिहासको आलम्बको रूपमा हेर्छन् । ओबामा प्रशासन विश्वव्यापी वित्तीय प्रणालीलाई सही स्थितिमा फर्काउन सफल भए तापनि नवउदारवादको वैधताको बृहत् संकटको सम्बोधन गर्न सफल भएन ।

के यसको अर्थ प्रोजेक्ट-स्टेटको पुनरागमनको मञ्च तय भएको हो त ? बिलकुल होइन । मायरको विश्लेषणअनुसार हंगेरीका प्रधानमन्त्री भिक्टर ओर्बान, टर्कीका राष्ट्रपति रेसेप तैयप एर्दोगान, ब्राजिलका पूर्वराष्ट्रपति जयर बोल्सोनारो र पूर्वअमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पजस्ता आजका पपुलिस्ट अधिनायकवादी नेताहरूले प्रोजेक्ट-स्टेटको शक्तिलाई उपयोग गर्नुको सट्टा माफिया शैलीको भ्रष्टाचारलाई सहज तुल्याउने अल्पकालीन राजनीतिक गठबन्धन निर्माण गरे ।

व्यवस्थामा नयाँ उत्साह

के मायरले भनेजस्तै 'स्वतन्त्रता, समानता र न्यायको विस्तार गर्न सक्ने नयाँ व्यवस्था' सिर्जना गर्न अझै सम्भव छ ? यसको जवाफ दिन तीनवटा आधारभूत विषयमाथि विचार गर्नुपर्छ । पहिलो, इतिहासले प्रोजेक्ट-स्टेट जहिले पनि युद्ध र सैन्य परिचालनको समयमा सबैभन्दा बढी फस्टाएको देखाउँछ । यस सन्दर्भमा बाइडेन प्रशासनको 'औद्योगिक नीति'मा क्लिन्टनकालीन अवधारणाहरूको पुनरुत्थान र चीनको सैन्यशक्तिको प्रदर्शनमा वृद्धि सांयोगिक भएको छ ।

कुनै पनि विवेकी व्यक्तिले पूर्ण युद्ध चाहँदैन । यसर्थ, के सैन्य खतरालाई अभिप्रेरित नगरीकनै रूपान्तरणकारी आर्थिक एजेन्डाका लागि घरेलु समर्थन जुटाउन सम्भव छ त भन्नेचाहिँ सान्दर्भिक प्रश्न हुन्छ । यसको स्पष्ट जवाफ छैन । अमेरिकी दार्शनिक विलियम जेम्सले एक शताब्दीअघि भनेझैँ आधुनिकताको एउटा स्थायी चुनौती भनेको 'द मोरल इक्विभ्यालेन्ट अफ वार'हो । हामी नेट-जेरो उत्सर्जन अर्थ-व्यवस्थातर्फको संक्रमणले मानिसलाई यसको विकल्प दिने अपेक्षा मात्र गर्न सक्छौँ ।

दोस्रो मुद्दा अमेरिकी विश्वव्यापी आधिपत्यको निर्यातसँग सम्बन्धित छ । लिचेन्स्टाइन र स्टेनको पुस्तक सन् १९९० को दशकको पूर्वार्द्धमा उदाएको अमेरिकी आर्थिक शक्तिको नयाँ आधार पत्ता लगाउन प्रभावकारी छ । विगतका अधिकांश रिसोर्स एम्पाएरका विपरित सन् १९८० पछिको अमेरिका पुँजी तथा वस्तुहरूको निर्यातमा निर्भर रहेन । यसको साटो, ऊ व्यापार घाटाबाट गुज्रियो जसलाई विश्वव्यापी पुँजीको अथाह आयातले बढवा दिएको थियो । पुँजीको गतिशीलतालाई निर्बाध छोडिएको अवस्थामा, मलाई लाग्दैन कि प्रोजेक्ट-स्टेट फर्कने कुनै मौका आउला । यसमा क्लिन्टनको बुझाइ सही थियो : पुँजीको मागलाई नियन्त्रणमा राख्न अन्तर्राष्ट्रिय शासकीय समाधान आवश्यक छ । तर, आजकाल यस्ता समाधानको असाध्यै अभाव छ ।

अन्तमा, नवउदारवाद वास्तवमा के थियो त भन्ने प्रश्न आउँछ । यो आर्थिक लाभको वितरण श्रमबाट पुँजीमा स्थानान्तरण थियो । मायर सन् १९८० पछि 'आयको पुनर्वितरणमा जोड दिन' असफल भएकोमा 'संगठित श्रम'को आलोचना गर्छन् । प्रस्ट भन्दा, यी कार्डलाई धेरै दशकदेखि श्रमिक आन्दोलनविरुद्ध प्रयोग गरिँदै आएको छ । कुनै समय यो उसको निजी परियोजना थियो । तर, अन्य परियोजनाले जस्तै, केही उल्लेखनीय सफलता हात पारे गरेपछि यसले पनि उत्साह गुमायो । लिचेन्स्टाइन र स्टेनका अनुसार यदि यो अझै तस्बिरमा भएको भए क्लिन्टन प्रशासनका आर्थिक नीति असफल हुने थिएनन् ।

सन् २०२३ मा, आर्थिक तथा नीतिगत परिणामका संरचनात्मक निर्धारक पुनः एकपटक परिवर्तन भइरहेको देखिन्छ । र, यो राम्रैका लागि हुन सक्छ । क्लिन्टन र उनका 'तेस्रो धार'का सहकर्मी राजनीतिज्ञहरूले परित्याग गरेका अर्थ-व्यवस्था मूल्य स्फीतिद्वारा सञ्चालित र ऋणमा निर्भर थिए । तिनको मुनाफाले आममानिसको आयमा खासै योगदान गरेको थिएन, सम्पत्तिका मालिकहरूलाई मात्रै लाभान्वित गराएको थियो । अर्थतन्त्रले सम्भ्रान्त वर्गलाई होइन, आमनागरिकलाई पुरस्कृत गरेर अघि बढे मात्र व्यवस्थामा नयाँ उत्साह देखिनेछ ।

(सिकागो विश्वविद्यालयको इतिहास विभाग र सामाजिक चिन्तन समितिका प्राध्यापक जोनाथन इरा लेभी 'एजेज अफ अमेरिकन क्यापिटलिज्म : अ हिस्ट्री अफ द युनाइटेड स्टेट्स'का लेखक हुन् । 'प्रोजेक्ट सिन्डिकेट'मा प्रकाशित यो लेख **नारायण शिवाकोटी**ले अनुवाद गरेका हुन् ।)

प्यालेस्टाइनी खेलौनाहरूप्रति



विनोदविक्रम केसी
gkcbinodbikram@gmail.com

कविता

प्रिय कवि महमुद दार्विस !
सञ्चै छौ ?

यस्तो हालतमा सञ्चो हुनु पनि आफैंमा बेइमानी हो
बिसञ्चो हुनु पनि आफैंमा बेइमानी हो
हेर त, कस्तो भयावहतामा बाँचिरहेका छौं हामी
जैतुनको हाँगोझैं सरल हुँदैन जिन्दगी
कि–
भाँचिएपछि भाँचियो, भाँचियो...
अथवा–
हलक्क बढेपछि बढ्यो, बढ्यो...

सन् २०२३ नोभेम्बर ४ को मितिसम्म
प्यालेस्टाइनमा तिमीबाहेक मैले चिनेका भन्नु
खेलौनाहरू मात्रै थिए

ती खेलौना–
जसलाई नानीहरूले ज्यान बचाउन भाग्दाभाग्दै
छोडिगएका थिए
जब आकाशबाट उड्दै उड्दै आएका पर्चाहरूले
जारी गरे फर्मान
"घर छोडेर भाग्नू... आकाशगंगाको तँरैतीर भाग्नू"

ती खेलौना-
जो पुरिएका थिए नानीहरूसँगै विध्वस्त घरहरूमा

(मलाई सोध्छौ भने दार्विस !
म कविलाई भन्दा खेलौनालाई बढी प्रेम गर्छु
कवि त के हो र ?
बस्, शब्दहरूको अप्राकृतिक खेलौना न हो
बरु, खेलौना प्राकृतिक कविता हो
यस्तो नहुँदो हो त
कविहरूलाई
किन देख्नुपर्थ्यो र हामीले दरबारको पटांगिनीमा
आत्मच्युत भएर नाचिरहेका...
बरा कठपुतलीहरू !)

म असाध्यै प्रेम गर्छु खेलौनाहरूलाई
तिनीहरूको अबोध मौनता, जन्मजात स्थिरता,
शाश्वत निष्कपटता, कञ्चन सरलता, असाधारण मामुलीपना
असाध्यै मन पर्छ मलाई
(दस पूरा पुगेर एघार वर्ष लागेको मेरो छोरालाई पनि
खेलौना असाध्यै मन पर्छन्)

नरोऊ खेलौनाहरू हो !
तिमीहरू रुनु युगका लागि अपशकुन हो

रमाऊ केही दिनलाई
धुवाँको एकरंगी इन्द्रधनुष हेरेर

नरोऊ खेलौनाहरू हो !
तिम्रा बच्चाहरू आउनेछन् एक दिन तिमीहरूसमक्ष
ती नआएर जाऊन् पनि कहाँ
यत्ति हो, सर्म्साम्दो नआउलान्
तिनका हातखुट्टासँग, शिरसँग, धडसँग खेल्दाखेल्दा
कुनै दिन त थाक्लान् क्रूरहरू
(जो बममार्फत बोलिरहेछन् अमनको भाषा
जो यति बेबकुफ छन्
कि–
तिनलाई यति सत्यको पनि ज्ञान छैन
कि–
पिंजडाभित्रका बेचैन पन्छीहरूले
बार ठुँगेर विद्रोह त गर्छन्, गर्छन्)

जब बच्चाहरू खेलौनाका लागि तड्पछन्
त्यो समयको कुनै मिठास हुँदैन
जब खेलौनाहरू बच्चाका लागि तड्पछन्
त्यो समयको कुनै भविष्य हुँदैन

खेलौनाहरू हो !
हामीलाई तिमीहरूले
कदापि... कदापि... कदापि... माफ नगर्नू !

हाम्रो मौनमग्न कायरताको मूल्य
कायरतामग्न मौनको मूल्य
तिमीहरूका बच्चाहरूले
यति चर्कोसँग चुकाइरहेका छन्

हामीलाई तिमीहरूले
कदापि... कदापि... कदापि... माफ नगर्नू !


अर्थ पत्रिका

नयाँ पत्रिका
शनिबार १८ कात्तिक ०८०

■ पहिलो त्रैमासमा वाणिज्य बैंकको अवस्था

खराब कर्जा बढ्दा नाफामा गिरावट

फेरि बढ्यो बैंकहरूको खराब कर्जा अनुपात, वाणिज्य बैंकको नाफामा १८.६० प्रतिशतको ह्रास, सरकारी स्वामित्वको कृषि विकास घाटामा



मिलन विश्वकर्मा/नयाँ पत्रिका

चालू आव ०८०/८१ को पहिलो त्रैमास (असार-असोज) मा वाणिज्य बैंकहरूको निष्क्रिय (खराब) कर्जा अनुपात पुनः बढेको छ। गत आवको सुरुदेखि बढ्दै गएको वाणिज्य बैंकहरूको खराब कर्जा अनुपात गत असारसम्म आउँदा भने घटेको थियो। तर, चालू आवको असोज मसान्तसम्म आउँदा खराब कर्जा अनुपात पुनः बढेको छ।

हाल नेपालमा वाणिज्य बैंकको संख्या २० छ। अघिल्लो आव ०७८/७९ मा उनीहरूको खराब कर्जा अनुपात औसत १.२० प्रतिशत थियो। गत आवको पहिलो त्रैमासमा बढेर १.६६ प्रतिशत पुगेको थियो। तेस्रो त्रैमाससम्म अर्थात् गत चैत मसान्तसम्म आउँदा त्यो बढेर ३ प्रतिशतमाथि पुगेको थियो। असार मसान्तसम्म आउँदा भने घटेर २.७० प्रतिशतमा झरेको थियो। तर, असोजसम्म आउँदा खराब कर्जा पुनः बढेर ३.४० प्रतिशत पुगेको छ। यो गत आवको असोजसम्म र असार मसान्तसम्मकै तुलनामा बढी हो। वाणिज्य बैंकहरूले शुक्रबार सार्वजनिक गरेको चालू आवको पहिलो त्रैमासिक वित्तीय विवरणले यस्तो देखाएको हो।

वित्तीय विवरणअनुसार समीक्षा अवधिमा सातवटा बैंकको खराब कर्जा ४ प्रतिशतभन्दा पनि माथि छ। त्यसमा कृषि विकास बैंकको खराब कर्जा अनुपात सबैभन्दा बढी देखिएको छ। असोज ०७९ सम्म २.३८ प्रतिशत रहेको कृषि विकास बैंकको खराब कर्जा असोज ०८० सम्म आउँदा ५.३३ प्रतिशत पुगेको छ।

यसैगरी, कुमारी बैंकको ४.८९ प्रतिशत, नेपाल इन्भेस्टमेन्ट मेगा बैंकको ४.८३ प्रतिशत, लक्ष्मी सनराइजको ४.६९ र हिमालयनको ४.६७ प्रतिशत खराज कर्जा अनुपात छ। यसैगरी, ग्लोबल आइएमई बैंकमा ४.३८ प्रतिशत र प्रभु बैंकमा ३.९७ प्रतिशत खराब कर्जा अनुपात देखिएको छ। कृषि विकासबाहेक यी सबै गत आवमा मर्जरमा गएका बैंक हुन्। तर, उनीहरूकै खराब कर्जा अनुपात बढी देखिएको छ।

मर्जरमा गएका अन्य बैंकको पनि खराब कर्जा अनुपात उच्च देखिएको छ। मर्जरमा नगएका अन्य बैंकहरूको खराब कर्जा पनि बढेको वित्तीय विवरणले देखाएको छ। समीक्षा अवधिमा एभरेष्ट बैंकको खराब कर्जा भने सबैभन्दा कम छ। असोज मसान्तसम्म उक्त बैंकको खराब कर्जा अनुपात ०.९ प्रतिशत मात्रै छ। यद्यपि, गत आवको सोही अवधिको तुलनामा त्यो पनि बढी नै हो। गत आवको सोही अवधीमा एभरेष्ट बैंकको खराब कर्जा ०.३३ प्रतिशत थियो।

■ किन बढ्यो खराब कर्जा ?

मुख्यतः पछिल्लो समय अर्थतन्त्रमा देखिएको शिथिलताले नै खराब कर्जा अनुपात बढेको हो। आर्थिक शिथिलताले बैंकहरूको कर्जा असुल पूर्ण रूपमा भएको छैन।

आर्थिक शिथिलताका कारण अधिकांश क्षेत्रको आम्दानी घटेसँगै ऋणीहरूको ऋण तिर्ने क्षमता घटेको छ। त्यसले गर्दा खराब कर्जा अनुपात बढेको बैंकरहरू बताउँछन्।

अघिल्लो आवदेखि नै देखिएको आर्थिक शिथिलता अझै कायमै छ। त्यसले गर्दा खराब कर्जा अनुपात घटाउन नसकेको बैंकरहरूको ठहर छ।

आर्थिक वर्षको अन्तिम समय भएका कारण गत असारमा बैंकहरू ऋण असुलीमा बढी केन्द्रित भएका थिए। राष्ट्र बैंकले पनि आर्थिक संकटबाट प्रभावित क्षेत्रको कर्जालाई पुनर्तालिकीकरण र पुनर्संरचना गर्न दिने नीति ल्याएको थियो। फलस्वरूप गत असारमा बैंकहरूको खराब कर्जा अनुपात घटेको थियो। तर, स्थिति सामान्य नहुँदा चालू आवमा खराब कर्जा अनुपात पुनः बढ्न थालेको बैंकरको भनाइ छ। ऋणीले ६ महिनासम्म कर्जाको साँवा तथा ब्याज भुक्तानी नगरेमा त्यस्तो ऋण खराब कर्जामा पर्ने व्यवस्था छ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

■ १८.६० प्रतिशतले घट्यो नाफा

खराब कर्जा बढ्दा समीक्षा अवधिमा बैंकहरूको नाफा पनि उच्च दरमा घटेको छ। समीक्षा अवधिमा २० वाणिज्य बैंकको नाफा औसतमा १८.६० प्रतिशतले घटेको छ। त्यसमा कृषि विकास बैंक भने घाटामै गएको वित्तीय विवरणले पुष्टि गरेको छ। गत आवको पहिलो त्रैमासमा २० वाणिज्य बैंकले १६ अर्ब ५५ करोड ७ लाख रुपैयाँ नाफा कमाएका थिए। तर, चालू आवको पहिलो त्रैमासमा त्यो तीन अर्ब सात करोड ८७ लाखले घटेर १३ अर्ब ४७ करोड २० लाख रुपैयाँमा सीमित भएको छ। समीक्षा अवधिमा १३ वटा बैंकको नाफा घटेको छ। समग्र वाणिज्य बैंकहरूको औसत नाफा घट्दा सात बैंकले भने नाफा बढाएका छन्। समीक्षा अवधिमा नेपाल इन्भेष्टमेन्ट मेगा, ग्लोबल आइएमई, प्राइम कमर्सियल, हिमालयन, प्रभु, एनएमबि, स्ट्यान्डर्ड चार्टर्ड र माछापुच्छ्रे बैंकले नाफा बढाएका छन्। त्यसबाहेक अन्य बैंकहरूको नाफा घटेको वित्तीय विवरणमा उल्लेख छ।

■ घाटामै कृषि विकास बैंक

समीक्षा अवधिमा सरकारी स्वामित्वको कृषि विकास बैंक भने घाटामै गएको छ। उक्त बैंक ८८ करोड ८० लाख ७१ हजार रुपैयाँ घाटामा गएको हो। विशेष गरी खराब कर्जा बढी हुँदा कृषि विकास बैंक घाटामा गएको देखिन्छ। गत आवको समीक्षा अवधिमा कृषि विकास बैंक २२ करोड नौ लाख ५३ हजार रुपैयाँले नाफामा थियो।

■ किन घट्यो नाफा ?

मुख्यतः बैंकहरूको खराब कर्जा बढ्दा नै नाफा घट्न गएको हो। बैंकहरूले खराब कर्जाबापत छुट्टै रकम प्रोभिजनिङ गर्नुपर्छ, जुन रकम नाफा-नोक्सान खाताबाट छुट्याउनुपर्छ। अहिले खराब कर्जा बढ्दा बैंकहरूले त्यसबापत गर्नुपर्ने प्रोभिजन रकम बढेको छ। त्यसले गर्दा पनि बैंकहरूको नाफामा कमी आएको जानकारहरू बताउँछन्।

यसैगरी, पछिल्लो समय बैंकहरूको आम्दानी पनि राम्रो छैन। बैंकहरूको मुख्य आम्दानीको स्रोत नै कर्जाको ब्याजबापत हुने आम्दानी हो। तर, पछिल्लो समय कर्जा प्रवाहमा कमी आउँदा बैंकहरूको आम्दानी पनि स्वतः प्रभावित भएको छ। तर, उच्च ब्याजदर हुँदा निक्षेपको ब्याजबापत हुने खर्च भने उच्च नै छ। यसैगरी, सेयर बजारमा ह्रास आउँदा सेयर कारोबारबाट हुने आम्दानी पनि प्रभावित भएको छ।

■ यी हुन् धेरै नाफा कमाउने बैंक

समीक्षा अवधिमा नाफा कमाउने मामिलामा नेपाल इन्भेष्टमेन्ट मेगा बैंक पहिलो नम्बरमा आएको छ। असोज मसान्तसम्म उक्त बैंकले एक अर्ब ५२ करोड २२ लाख रुपैयाँ नाफा कमाएको छ।

दोस्रो स्थानमा भने नबिल बैंक छ। समीक्षा अवधिमा उक्त बैंकले एक अर्ब ४६ करोड ९३ लाख रुपैयाँ नाफा कमाएको छ। तेस्रो स्थानमा रहेको ग्लोबल आइएमई बैंकले एक अर्ब २२ करोड ५७ लाख रुपैयाँ नाफा कमाएको छ।

राष्ट्र बैंक र महासंघबीच समझदारी

काठमाडौं/ बृहत् आर्थिक नीति-निर्माण र औद्योगिक एवं व्यावसायिक वातावरण सुदृढ बनाउन नेपाल राष्ट्र बैंक र नेपाल उद्योग वाणिज्य महासंघबीच समझदारी भएको छ। समझदारीपत्रमा राष्ट्र बैंक अनुसन्धान विभागका कार्यकारी निर्देशक डा. प्रकाशकुमार श्रेष्ठ र महासंघका महानिर्देशक गोकर्णराज अवस्थीले हस्ताक्षर गरेका हुन्।

सहमतिअनुसार राष्ट्र बैंक र महासंघले विविध विषयमा तथ्य र तथ्यांकमा आधारित अध्ययन-अनुसन्धान गर्नेछन्। यस सम्झौताले राष्ट्र बैंक र महासंघबीच हातेमालो गर्ने अवसर सिर्जना गरेको र आगामी दिनमा नीति-निर्माणमा निजी क्षेत्रको सहभागिता बढाउने गभर्नर महाप्रसाद अधिकारीले विश्वास व्यक्त गरे। यस्तै, महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले निजी क्षेत्रको केन्द्रीय बैंकसँग हुने सहकार्यले आगामी दिनमा वास्तविकतामा आधारित नीति-निर्माण गर्न सहयोग पुग्ने बताए। यसले सही सूचना प्रवाहित हुने उनले विश्वास व्यक्त गरे।

समझदारीअनुसार राष्ट्र बैंकले समय-समयमा गर्ने अध्ययनमा महासंघ र सदस्य संस्थाहरूले आवश्यक सूचना एवं जानकारी उपलब्ध गराउनेछन् भने महासंघले गर्ने अध्ययनमा राष्ट्र बैंकले प्राविधिक सहयोग प्रदान गर्नेछ। साथै, आवश्यकताअनुसार संयुक्त अध्ययन अनुसन्धान पनि हुने बताइएको छ। पाँच वर्षसम्म लागू हुने समझदारी कार्यान्वयनका लागि सहजीकरण सेल निर्माण हुनेछ।

उद्योग परिसंघ 'अगोरा' प्लेटफर्ममा आबद्ध

नयाँ पत्रिका

नेपाल उद्योग परिसंघ संयुक्त राष्ट्रसंघ पुँजी विकास कोष (युएनसिडिएफ)को सहयोगमा 'अगोरा' प्लेटफर्ममा आबद्ध भएको छ। अगोरा विकासशील, उदीयमान र सीमावर्ती बजारका उद्यमी, लगानीकर्ता र विज्ञहरूसँग जोड्ने वेब प्लेटफर्म परियोजना हो।

शुक्रबार परिसंघका अध्यक्ष राजेशकुमार अग्रवाल र युएनसिडिएफका उपकार्यकारी सचिव जेभियर मिचोनले अगोरा प्लेटफर्म सञ्चालन तथा आबद्धतासम्बन्धी समझदारीपत्रमा सम्झौता गरे। परिसंघले नेपाली उद्योगका लागि लगानी प्रवर्द्धनलाई बढावा दिन अगोरा प्लेटफर्मलाई अगाडि बढाउने जनाएको छ।

परिसंघले अगोराको घरेलु परियोजनाको निरीक्षण गर्नेछ। साथै, नेपालका उद्यमी एवं व्यवसायीलाई उद्यमशीलताको विकासका लागि आवश्यक पर्ने वित्तीयसहित विशेषज्ञता आवश्यकताका आधारमा दिने जनाएको छ। अगोराले देशको औद्योगिक र संस्थागत क्षेत्रमा रोजगारीका अवसर सिर्जना गर्दै स्वदेशी एवं विदेशी लगानी प्रवर्द्धन गर्ने परिसंघको दृष्टिकोणलाई सहयोग गर्नेछ।

परिसंघका अध्यक्ष अग्रवालले युएनसिडिएफसँगको सहकार्यबाट नेपालमा लगानीको परिदृश्यलाई रूपान्तरण गर्न अगोरा प्लेटफर्म महत्त्वपूर्ण हुने विश्वास व्यक्त गरे। संयुक्त राष्ट्रसंघको पुँजी विकास कोषले अगाडि सारेको 'अगोरा'मा नेपाली वस्तुहरूलाई आबद्ध गराउने र नेपाली वस्तुहरू अन्तर्राष्ट्रिय बजारमा पहुँच पुऱ्याउन महत्त्वपूर्ण हुने उनले बताए। परिसंघले 'मेक इन नेपाल- स्वदेशी' अभियानमार्फत नेपाली वस्तुहरूको प्रवर्द्धनमा काम गर्दै आएको बताउँदै उनले भने, 'यस प्लेटफर्ममार्फत अन्तर्राष्ट्रिय बजारमा पहुँच पुग्ने मात्रै नभई अन्तर्राष्ट्रिय व्यावसायिक सञ्जालमा पुग्न प्रभावकारी माध्यम बन्नेछ।' साथै, अगोराले सूचना प्रसारणमा भएको कमीलाई पूरा गरी व्यवसाय, उद्यमी र समुदायलाई पुँजी निर्माणमा समेत योगदान गर्ने विश्वास उनको छ।

युएनसिडिएफका उपकार्यकारी सचिव मिचोनले परिसंघसँगको अर्थपूर्ण सहकार्य र साझेदारीले नेपाली वस्तुहरूको अन्तर्राष्ट्रिय बजारमा पहुँच विस्तार गर्न निकै सहयोग हुने बताए। उनले अगोराले विदेशी लगानीकर्तालाई 'किन नेपाल ?' बाट 'किन नेपालमा नगर्ने ?' भन्ने मानसिकतामा परिवर्तन ल्याउन मद्दत गर्न सक्नेसमेत बताए।

तिहारअघि नै २५ हजार मेट्रिकटन चिनी आउने

काठमाडौं/ तिहारअघि २५ हजार मेट्रिकटन चिनी सरकारबाट सरकार (जिटुजी) प्रक्रियामार्फत नेपाल आउने भएको छ। भारत सरकारले उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले गरेको प्रस्तावलाई स्वीकार गर्दै चिनी दिने निर्णय गरेको हो। भारतले चिनीको कोटा निर्धारण गरेसँगै उद्योग वाणिज्य मन्त्रालयले परराष्ट्र मन्त्रालयमार्फत तत्काल चिनी ल्याउन शुक्रबार पत्र पठाएको हो।

चिनी जिटुजीमार्फत सरकारले खरिद गर्ने गरी नेपाल साल्ड ट्रेडिङ कर्पोरेसनमार्फत अघि बढाएको उपभोक्ता हित संरक्षण विभागका महानिर्देशक तीर्थराज चिलुवालले बताए। उनले भने, 'जिटुजीको चिनी आएपछि तिहारमा चिनीको अभाव हुँदैन, मूल्य पनि घट्छ।'

विभागका अनुसार साल्ड ट्रेडिङले गत असोजमा १० हजार मेट्रिकटन चिनी ल्याउनका लागि टेन्डर आह्वान गरिसकेको छ। त्यस्तै, खाद्य व्यवस्था तथा व्यापार कम्पनीले पनि थप अर्को १० हजार मेट्रिकटन चिनी ल्याउनका लागि टेन्डर आह्वान भइसकेको छ। तिहारअघि नै जिटुजीमार्फत चिनी आउने र बजारमा सहज बन्ने विभागको भनाइ छ। शुक्रबार मात्रै बजारमा थप चिनीको अभाव हुन नदिन उद्योगीबाट तीन हजार मेट्रिकटन चिनी खुद्रा व्यापार संघमार्फत वितरण गर्ने तयारी भएको चिलवालले बताए।

उद्योगीबाट खुद्रा व्यापार संघले दसैँअघि र पछि गरेर खुद्रा बजारमा करिब ७६ मेट्रिकटन चिनी बजार पठाएको छ। उपभोक्तालाई प्रतिकिलो एक सय १५ रुपैयाँ बिक्री गर्ने भनिए पनि व्यापारीले ढुवानी महँगो भएको भन्दै हाल प्रतिकिलो एक सय १८ रुपैयाँमा बिक्री गरिरहेका छन्।

सरकारले अवैध रूपमा लुकाइएको चिनी खोज्नका लागि प्रहरी परिचालन गर्ने भएको छ। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, आपूर्ति मन्त्रालय र उपभोक्ता हित संरक्षण विभागबीच भएको छलफलमा अवैध रूपमा ल्याइएको चिनी खोज्नका लागि प्रहरी परिचालन गर्ने निर्णय भएको विभागका प्रवक्ता आनन्दराज पोखरेलले बताए। उनले भने, 'अवैध रूपमा गोदाममा रहेको चिनीलाई खोज्न विभाग र प्रहरी सम्मिलित अनुगमन तीव्र बनाएका छौं।'

माथिल्लो अरुण जलविद्युत् आयोजना निर्माणको प्रतिबद्धता

नयाँ पत्रिका

संखुवासभाको भोटखोला गाउँपालिकामा निर्माण हुने एक हजार ६१ मेगावाटको माथिल्लो अरुण अर्धजलाशययुक्त जलविद्युत् आयोजनाको निर्माण अगाडि बढाउन उच्च तहको प्रतिबद्धता जनाइएको छ। अर्थमन्त्री डा. प्रकाशशरण महत, ऊर्जामन्त्री शक्तिबहादुर बस्नेत, संखुवासभाका संघीय सांसद दीपक कार्की, ऊर्जासचिव दिनेशकुमार घिमिरे, विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ र आयोजनामा लगानीका लागि अन्तर्राष्ट्रिय संस्थाको सहवित्तीयकरणको नेतृत्व गरिरहेको विश्व बैंककी प्रबन्ध निर्देशक आना बियर्डे, एसियाली विकास बैंक (एडिबी)का महानिर्देशक रमेश सुब्रमण्यमसहितको टोलीले शुक्रबार आयोजनास्थलको निरीक्षण भ्रमण गर्दै प्रतिबद्धता जनाइएको हो।

भोटखोला गाउँपालिका-४, छोग्राङमा आयोजना गरिएको कार्यक्रममा अर्थमन्त्री महतले माथिल्लो अरुण जलविद्युत् आयोजना देखिने गरी कार्यान्वयनको चरणमा पुग्न लागेको बताए।

स्रोतको सीमितता भए तापनि माथिल्लो अरुणलाई कार्यान्वयनको चरणमा लैजान राम्रो बजेट विनियोजन गरिएको उल्लेख गर्दै उनले स्रोतको अभावमा आयोजना अगाडि बढाउन नसक्ने अवस्था आउन नदिने प्रतिबद्धता जनाए। लगानीका लागि स्थानीयले चहिएजति सेयर पाउने बताउँदै पूर्वऊर्जामन्त्रीसमेत रहेका महतले देशका लागि अत्यन्त महत्त्वपूर्ण आयोजना अब लगानी जुटाउने तहमा पुगेको उल्लेख गरे।

'आयोजनामा लगानीका लागि विश्व बैंकले विशेष जासो देखाएको छ, उसले नै विभिन्न अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरूलाई सहभागी गराएर लगानी जुटाउन खोजिरहेको छ,' अर्थमन्त्री महतले भने, 'विश्व बैंकको वार्षिक बैठक र द्विपक्षीय छलफलका क्रममा आयोजनालाई लगानी योग्य बनाउन अनुदानसहित



सहुलियतपूर्ण ऋणमा जोड दिएका छौं, जतिसक्दो छिटो लगानी जुटाएर निर्माण अगाडि बढाउन सकारको सम्पूर्ण सहयोग रहनेछ।'

ऊर्जामन्त्री बस्नेतले जलस्रोतलाई समृद्धिको रूपमा उपभोग गर्न अहिले बलियो आधार र समय आएको उल्लेख गर्दै माथिल्लो अरुणजस्ता आयोजना तत्काल अगाडि बढाउन सरकार तत्पर र प्रतिबद्ध रहेको बताए। 'प्रवेश सडक निर्माणमा रूख कटानको समस्या रहेको जानकारी आएको छ, अदालतको आदेशअनुसार मन्त्रिपरिषद्बाट कार्यविधि बनाएर रूख कटानको समस्या छिट्टै समाधान गर्दै छौं,' उनले भने, 'स्थानीयलाई आयोजनाको हिस्सेदार बनाउने मोडालिटीमा तत्काल अगाडि बढाउँछौं।' सांसद खड्काले आयोजना अगाडि बढाउन सहयोग गर्न स्थानीय बासिन्दा सधैं तयार रहेकाले ढिला नगरी निर्माण सुरु गर्नुपर्ने बताए।

विश्व बैंककी प्रबन्ध निर्देशक बियर्डेले नेपाल आएदेखि माथिल्लो अरुणका विषयमा छलफल भइरहेकाले उत्पादित विद्युत् देशभित्र खपत र निर्यातका लागि महत्त्वपूर्ण रहेको बताइन्। आयोजना अगाडि बढाउन स्थानीयलगायत सबै पक्ष आतुर रहेको आफूले पाएको उल्लेख गर्दै उनले सबै पक्षलाई फाइदा हुने गरी आयोजनामा लगानी गर्न बैंक तयार रहेको उल्लेख गरिन्।

निर्माण अवधिको ब्याज, मूल्यवृद्धि लगायतसहित एक अर्ब ७५ करोड अमेरिकी डलर (करिब दुई खर्ब १४ अर्ब) अनुमानित लागत रहेको माथिल्लो अरुणमा ७० प्रतिशत ऋण र ३० प्रतिशत स्वपुँजी (इक्विटी)बाट जुटाइनेछ।

आयोजनामा संघीय सरकार, प्रदेश सरकार, आयोजना प्रभावित जिल्लाका स्थानीय तह, आयोजना प्रभावित जिल्लावासी, देशभरिका सर्वसाधारणको सेयर लगानी, अन्तर्राष्ट्रिय बहुपक्षीय विकास साझेदारको सहुलियतपूर्ण ऋण र स्वदेशी बैंक तथा वित्तीय संस्थाको ऋण लगानी रहनेछ।

सन् २०२४ को जुनभित्र आयोजनाको वित्तीय व्यवस्थापन र सन् २०२५ को मध्यबाट निर्माण सुरु गर्ने लक्ष्यका साथ काम भइरहेको छ। आयोजनाको निर्माण सन् २०३१ भित्र सम्पन्न गर्ने लक्ष्य राखिएको छ। आयोजनाको सम्भाव्यता अध्ययन सम्पन्न भई टेन्डर डिजाइन तथा निर्माण सुपरिवेक्षणका लागि परामर्शदाता छनोट भइसकेको छ। आयोजनाको पूर्वतयारीमध्ये दुई किलोमिटर सुरुङ मार्गसहित करिब २१ किलोमिटर प्रवेश सडक निर्माण सुरु भएको छ।

आयोजनालाई आवश्यक पर्ने दुई हजार २५ हेक्टर निजी जग्गा अधिग्रहणका लागि मुआब्जा निर्धारण भइसकेको छ। आयोजनाबाट करिब २२ घरधुरी भौतिक रूपमा विस्थापित हुनेछन्। आयोजनालाई विद्युत् बढी माग हुने हिउँदका ६ महिनामा दैनिक ६ घन्टा पूर्ण क्षमतामा चलाउने गरी डिजाइन गरिएको छ। आयोजनाबाट वार्षिक चार अर्ब ५१ करोड युनिट ऊर्जा उत्पादन हुनेछ।

यसरी जुट्नेछ लगानी

विश्व बैंकको नेतृत्वको सहवित्तीयकरणमा अन्तर्राष्ट्रिय वित्तीय संस्थाबाट ७५ करोड डलर सहुलियतपूर्ण ऋण जुटाइनेछ। यसमध्ये विश्व बैंकले ५० करोड डलर सहुलियतपूर्ण ऋण प्रवाह गर्नेछ। ४० करोड डलर स्वदेशी बैंक तथा वित्तीय संस्थाबाट जुटाएर वित्तीय व्यवस्थापन गरिने योजना बनाइएको छ।

करिब ६४ अर्ब रुपैयाँ इक्विटीमध्ये ५१ प्रतिशत आयोजनाको प्रवर्द्धक अपर अरुण हाइड्रो इलेक्ट्रिक कम्पनीका संस्थापक सेयरबाट र ४९ प्रतिशत सर्वसाधारण सेयरबाट संकलन गरिनेछ। आयोजना रहेको जिल्ला संखुवासभाका स्थानीय तह, नेपाल विद्युत् प्राधिकरणलगायतको संस्थापक सेयर रहनेछ। आयोजना प्रभावित बासिन्दा, देशभरका सर्वसाधारणलगायतको ४९ प्रतिशत साधारण सेयर रहनेछ। करिब ३२ अर्ब रुपैयाँ सर्वसाधारण सेयर निष्कासन गरी संकलन गरिनेछ।

हार्दिक श्रद्धाञ्जली



जन्म : वि.सं. २००२/१०/४
स्वर्गारोहण: वि.सं. २०८०/७/७

स्व. सावित्रीदेवी थापा

यस गुठिका आजीवन सदस्य

श्रीमती सावित्रीदेवी थापाको असमायिक स्वर्गारोहण भएको आज १३औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै यस दुःखद् घडिमा शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौं।

सिन्धुलीय गोदार थापा गुठी परिवार
काठमाडौं

■ आइसिसी टी-२० विश्वकप एसियन छनोट

विश्वकपमा पुच्याउने नेपालका सारथि

सन् २०१४ पछि विश्वकपमा स्थान सुरक्षित गर्ने क्रममा नेपालले सेमिफाइनलमा कट्टर प्रतिद्वन्द्वी युएईमाथि आठ विकेटको सानदार जित निकाल्यो

श्रीलोचन राजोपाध्याय/नयाँ पत्रिका

नेपालले मूलपानीको माथिल्लो मैदानमा युएईलाई हराउँदै दोस्रोपटक आइसिसी टी-२० विश्वकप क्रिकेट प्रतियोगितामा स्थान रक्षा गरेको छ। अर्को वर्ष अमेरिका र वेस्ट इन्डिजले संयुक्त रूपमा आयोजना गर्ने विश्वकपअन्तर्गत एसियन छनोटमा नेपालले शुक्रबार युएईलाई आठ विकेटले हराउँदै स्थान पक्का गरेको हो। पहिलो ब्याटिङ गरेको युएईले २० ओभरमा नौ विकेट गुमाएर एक सय ३४ रनको योगफल खडा गरेको थियो। प्रत्युत्तरमा नेपालले १७.१ ओभरमा दुई विकेटको नोक्सानीमा एक सय ३५ रनको योगफल खडा गऱ्यो।

नेपालको जितमा ओपनर आसिफ सेखले सर्वाधिक ६४ रनको योगदान गरेका थिए। यसैगरी, गुल्सन झा र रोहितकुमार पौडेलले तेस्रो विकेटका लागि महत्त्वपूर्ण ६८ रनको साझेदारी गरे। यसअघि बलिङका क्रममा अलराउन्डर कुशल मल्लले ११ रन खर्चेर सर्वाधिक तीन विकेट हात पारेका थिए। सन्दीप लामिछानेले दुई तथा रोहितले एक विकेट लिए।

युएईको ब्याटिङमा तेस्रो क्रमका ब्याट्सम्यान भृत्या अरविन्दले ५१ बल सामना गरी आठ चौका र दुई छक्काको सहयोगमा सर्वाधिक ६४ रन बनाए। ओपनर मुहमद वासिमले २६ रन बनाए। नेपालले अब आइतबार उपाधिका लागि ओमानको सामना गर्नेछ। समूह 'ए'को अन्तिम खेलमा ओमानले नेपाललाई पाँच रनले हराएको थियो। ओमानले त्रिवि मैदानमा बहराइनमाथि १० विकेटको जित निकाली विश्वकप स्थान सुरक्षित गरेको हो।



नेपाल र युएईबीचको खेलमा समर्थन गर्दै घरेलु दर्शक। तस्बिरः **दीपेन्द्र ढुंगाना**/नयाँ पत्रिका

कुशल प्रशिक्षक देसाई



नेपालको विश्वकप यात्रामा भुल्न नमिल्ने नाम हो, प्रशिक्षक देसाई। गत फेब्रुअरीमा उनी नेपाली क्रिकेट टोलीका प्रमुख प्रशिक्षक बनेका थिए। जब उनको आगमन भयो, त्यसपछि नेपाली क्रिकेटले एकपछि गर्दै अन्तर्राष्ट्रिय खेलमा सफलता चुमिरहेको छ। आइसिसी विश्वकप लिग-२ मा तेस्रो स्थान दिलाउन र एकदिवसीय विश्वकप ग्लोबल छनोट पुच्याउनमा उनको योजना र भूमिकालाई सलाम नै गर्नुपर्छ। चाहे एसिया कप होस् वा १९औँ एसियाडमै निक नहोस्। नेपाली खेलाडीले गरेको बहादुरी प्रदर्शनको पछाडि प्रशिक्षक देसाईको रणनीतिक योजना नै मुख्य आधार हो। निकै छोटो समयमै उनले नेपाली खेलाडीलाई जितको बानी दिलाए। क्षमता र खेल अवस्थाअनुसार खेलाडी छनोट गर्ने र खेलाउने खुबी उनको हो। साथसाथै उनको अर्को विशेषता भनेको नतिजाजस्तो आए पनि सधैँ 'हयाप्पी ड्रेसिङ रुम' अवधारणा हो। चालू विश्वकपमा समेत अलराउन्डर दीपेन्द्रसिंह ऐरी घाइते भएर बाहिर रहे, उनले सन्दीप जोरा र विवेक यावदलाई प्रयोग गरे। एक किसिमले यो प्रयोग सफल नै भएको देखिन्छ। छोटो अवधिमै नेपाललाई अन्तर्राष्ट्रिय क्रिकेटमा चिनाउन सफल भएका देसाईको अबको लक्ष्य टी-२० विश्वकपमा समेत नेपाललाई राम्रो नतिजा दिलाउने हो।

कुशल भुर्तेल

ओपनर भुर्तेल आकर्षक स्ट्रोक मेकर हुन्। टी-२० र एकदिवसीय खेलको पावर प्लेमा उनी आकर्षक ब्याटिङ गर्न रुचाउँछन्। नेपाललाई दोस्रोपटक टी-२० विश्वकपमा उनको योगदान महत्त्वपूर्ण मानिन्छ। सिंगापुर, मलेसिया, ओमान र युएईविरुद्धको सेमिफाइनलमा भुर्तेलले नेपाललाई राम्रो सुरुवात दिलाए। नेपालको ब्याटिङमा उनी धेरै रन बनाउने सूचीको शीर्ष स्थानमा छन्। उनले चार इनिङ्समा ३८.५० औसतमा एक सय ५४ रन बनाए। उनले सिंगापुरसँगको खेलमा ४८ बलमा सर्वाधिक ७४ रन जोडे। मलेसियाविरुद्ध २५ बलमा ४३ रन, ओमानसँग १८ बलमा २६ रन र युएईविरुद्ध उनले ११ रनको योगदान दिए। यसक्रममा उनले नौ छक्का प्रहार गरे।

कुशल मल्ल

टी-२० फर्म्याटमा कुशलले निकै आक्रामक खेल खेलिरहेका छन्। टी-२० खेलमा उनको नाममा एउटा गज्जबको रेकर्ड छ। उनले १९औँ एसियाडमा मंगोलियाविरुद्ध केवल ३४ बलमा शतकीय इनिङ्स खेले। त्यसपछि उनी एकाएक अन्तर्राष्ट्रिय क्रिकेटमा छाए। कम बलमा विस्फोटक ब्याटिङ गर्ने र स्ट्राइक रेट दुई सयभन्दा बढीमा खेल्न रुचाउने मल्लले चालू विश्वकप छनोटमा ब्याटिङ र बलिङका क्रममा एक-एक खेलमा चम्के। युएईसँगको सेमिफाइनलमा उनले नपत्याउँदो रूपमा ११ रन खर्चेर तीन विकेट लिए। मलेसियाविरुद्ध उनले ६५ रन जोडे। यद्यपि, उनी एक खेलमा ब्याटिङ क्रममा चम्के पनि उनी क्रिजमा हुँदा विपक्षी बलर डराउने गर्छन्। जुन उनको खुबी नै यही हो।

आसिफ शेख

शेखको सबैभन्दा राम्रो पक्ष नै धैर्यता हो। जब क्रिजको एकछेउमा साथी विस्फोटक ब्याटिङ गरिरहेका हुन्छन्। त्यसवेला शेख शान्तसँग खेलिरहेका हुन्छन् र स्ट्राइक परिवर्तन गरिहन्छन्। चारै खेलमा उनले यस्तै भूमिका निर्वाह गर्दै नेपाललाई १० वर्षपछि विश्वकप पुच्याउन योगदान दिए। नेपाली खेलाडीमध्ये दोस्रो सर्वाधिक रन बनाउनेमा उनी पर्छन्। उनले चार इनिङ्समा ४२.६६ औसतमा एक सय २८ रन जोडेका छन्। शेखले आफ्नो टी-२० करिअरमा युएईसँगको इनिङ्स उनले जीवनभर सम्झिरहनेछन्। यस खेलमा उनले ६४ रनको अर्धशतकीय इनिङ्स खेलेका थिए। म्यान अफ दी म्याचसमेत भएका उनले अन्तिमसम्म नेपाललाई सानदार जित दिलाए।

करण केसी

लगभग एक दशकदेखि करण नेपालकै प्रारम्भिक पेस बलरका रूपमा छन्। विपक्षी ओपनर ब्याट्सम्यानलाई आफ्नो पेसमा पेभेलियन फर्काउन सक्षम करणले विश्वकप छनोटमा एकपटक ब्याटिङको अवसर पाउँदा न्याय दिए। उनले ओमानसँगको समूह विजेता हुने खेलमा ब्याटिङ र बलिङमा चम्के। सो खेलमा उनले बलिङतर्फ ४३ रन खर्चेर तीन विकेट लिए। ब्याटिङमा १५ रन बनाए। समग्रमा उनले चार खेलमा पाँच विकेट लिए। युएई र मलेसियासँगको खेलमा उनी विकेटविहीन भए।

रोहितकुमार पौडेल

नेपालले विश्वकपमा स्थान बनाउन रोहितले कुशलतापूर्वक कप्तानी गरेका छन्। गत वर्ष कप्तानीको जिम्मेवारी काँधमा आएदेखि नै उनले आफूलाई खेलसँगै कप्तानीको नेतृत्वमा समेत परिपक्वता गराएका छन्। ओमान र मलेसियासँगको खेलबाहेक उनले विश्वकपको छनोट यात्रामा राम्रै प्रदर्शन गरेका छन्। आवश्यक परेका वेलामा बलिङ गर्न र खेलाडीलाई मौका दिन उनी चुकेनन्। युएईसँगको सेमिफाइनलको अति नै महत्त्वपूर्ण खेलमा उनले एक किसिमले अलराउन्डर प्रदर्शन नै गरे। ब्याटिङमा नटआउट ३४ रन जोडेका उनले एक ओभर बलिङ गरी एक विकेट लिए। यद्यपि, उनले मलेसियासँगको खेलमा १८ रन खर्चेर एक विकेट लिन सफल भए।

गुल्सन झा

गुल्सनले नेपाली टोलीमा डेब्यु गरेको एक वर्षभन्दा अलि धेरै भयो। यस अवधिमा उनले आफूलाई टोलीका एक महत्त्वपूर्ण खेलाडीका रूपमा स्थापित गरेका छन्। निरन्तर नेपालको अन्तर्राष्ट्रिय खेलको अनुभव बटुल्दै उनले अलराउन्डर भूमिकाका रूपमा आफूलाई स्थापित गर्न कोसिस गरिरहेका छन्। प्रशिक्षक मोन्टे देसाईले वेला-वेलामा खेलाडीका अर्डर परिवर्तन गरिरहेका हुन्छन्। सेमिफाइनलमा पनि उनले एउटा प्रयोगका रूपमा गुल्सनलाई तेस्रो क्रममा पठाए। गुल्सनले पनि आफ्नो जिम्मेवारीलाई न्याय दिन सफल रहे। उनले आसिफसँग दोस्रो विकेटका लागि ४१ रनको महत्त्वपूर्ण साझेदारी गरे। उनले २४ बलमा तीन चौका प्रहार गरी २२ रन जोडे। उनले समग्रमा उनले चार खेलमा चार विकेट लिएका छन्। युएईसँग उनले २४ रन खर्चिँदा विकेटविहीन भए।

सन्दीप लामिछाने

गत साता नेपाल, हङकङ र युएईबीच भएको त्रिकोणात्मक टी-२० सिरिजमा सन्दीप व्यक्तिगत कारण देखाउँदै सहभागी भएनन्। तर, उनले नेपाली क्रिकेटकै महत्त्वपूर्ण खेलका रूपमा रहेको टी-२० विश्वकपमा भने खेले। त्रिवि र मूलपानीको माथिल्लो मैदानमा सन्दीपको बलिङ चल्यो। कुनै पनि खेलमा उनी विकेटविहीन हुनुपरेन। नेपालले १० वर्षपछि विश्वकपको स्थान सुरक्षित गर्दा उनको प्रभावशाली प्रदर्शनलाई विर्सन हुन्न। सेमिफाइनलमा मेडन विकेट लिएका थिए। उनले युएईविरुद्ध १४ रन खर्चेर दुई विकेट लिए। समग्रमा उनले चार खेलमा सात विकेट लिँदा ८४ रन खर्चेका थिए। चालू विश्वकपको छनोटमा उनी इकोनोमी बलिङ गर्ने बलरमा पर्छन्।

विवेक यादव

घरेलु क्रिकेटमा विवेक नाम चलेका खेलाडी नै हुन्। अलराउन्डर दीपेन्द्रसिंह ऐरी सिंगापुरविरुद्धको खेलअगाडि नै चोटग्रस्त भए। उनको सट्टामा विवेकले स्थान पाए। ओमानसँगको खेलमा नेपाल निकै खराब अवस्थामा रहँदा विवेकले विस्फोटक ब्याटिङ गर्दै जितको आशा दिलाए। यद्यपि, नेपाल पाँच रनले पराजित भए पनि विवेकको इनिङ्स सबैले सम्झेका छन्। उनले नवौँ क्रममा ब्याटिङ गरी २४ बलमा पाँच छक्का प्रहार गरी ३९ रनको योगदान दिए। मलेसियासँगको दुई खेलमा उनले दुई रन जोडे।

सोमपाल कामी

नेपाली क्रिकेटरमा भाग्यमानी खेलाडीमा सोमपाल पर्छन्। दोस्रोपटक विश्वकप खेल्ने खेलाडीमा उनी एक्लो खेलाडी हुन्। सन् २०१४ को विश्वकप खेलेका उनी दोस्रोपटक त्यही यात्रामा पुग्दा दंग छन्। १० वर्षदेखि निरन्तर टोलीमा परेका सोमपालले एसियन छनोटको खेलमा तीन विकेट लिएका छन्। सुरुवाती स्पेलमै बलिङ गर्दा उनले विपक्षी ब्याट्सम्यानलाई सहजै धरापमा राख्न सक्छन्। ओमानविरुद्ध दुई र युएईसँग उनले एक विकेट हात पारे। समूह 'ए'को अन्तिम खेलमा उनले ओमानविरुद्ध १२ रन जोडे। उनले मलेसिया र सिंगापुरविरुद्धको खेलमा स्तरीय बलिङ गरे पनि विकेट लिन सकेनन्।

अभिनाश बोहरा

१९औँ एसियाडपछि बोहरा उत्कृष्ट फर्ममा छन्। मध्यगतिका बलर बोहराले विश्वकप छनोटमा आफ्नो प्रभावशाली बलिङले प्रभावित पारेका छन्। उनले युएईसँग बोहक अन्य खेलमा विकेट लिँदै नेपाललाई सेमिफाइनलसम्म पुच्याए। समग्रमा उनले चार खेलमा आठ विकेट लिए। सिंगापुरविरुद्धको प्रतिस्पर्धामा १८ रन खर्चेर उनले दुई विकेट हात पारे। कुनै समय नेपालको प्रमुख प्रतिद्वन्द्वीका रूपमा रहेको मलेसियासँगको खेलमा उनले सर्वाधिक चार विकेट नै लिए। यसक्रममा उनले चार ओभरमा २७ रन मात्र खर्चेका थिए। समूह विजेता छिनोफनो हुने खेलमा उनले कसिलो बलिङ मात्र गरेनन्, एक ओमानी ब्याट्सम्यानलाई समेत आउट पारे।


अफगानिस्तानको सेमिफाइनल आशा कायमै

लखनउ/ अफगानिस्तानले एकदिवसीय विश्वकप क्रिकेट प्रतियोगिताको सेमिफाइनलको आशा कायमै राखेको छ। लखनउमा शुक्रबार अफगानिस्तानले नेदरल्यान्ड्समाथि सात विकेटको जित निकाली अन्तिम चार प्रवेशको आशालाई जीवितै राखेको हो। पहिलो ब्याटिङ गरेको नेदरल्यान्ड्सले ४६.३ ओभरमा सबै विकेट गुमाएर एक सय ७९ रन मात्र जोडेको थियो। प्रत्युत्तरमा अफगानिस्तानले ४१.१ ओभरमा तीन विकेटको क्षतिमा एक सय ८१ रन जोड्यो। अफगानिस्तानको जितमा रहमत साहले ५२ रन र हसमुतुल्लाह साहिदीले ५६ रनको योगदान दिएका थिए। रहमतले ६४ बलमा आठ चौका प्रहार गरेका थिए। हसमुतुल्लाहले ६४ बलमा ६ चौका प्रहार गरे। अजमुतुल्लाह ओमाजाईले २८ बलमा ३१ रन बनाए। यसअघिको ब्याटिङमा इगेब्रेचले सर्वाधिक ५८ रन र कोलिनले २९ रनसँगै म्याक्स डवाडले ४२ रन जोडेका थिए।



अफगानिस्तानले सात खेलमा चार जितका साथ आठ अंक जोडेको छ। अफगानिस्तान अहिले पाँचौँ स्थानमा छ।





नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com